# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ३३८ | काठमाडौं | बिहिबार, २१ चैत २०८१ | Prabhab National Daily | Thursday, April 03, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


प्रहरीको स्वीकारोक्ति

## राजावादीको प्रदर्शनमा २० जनालाई लाग्यो गोली

“यो घटनामा अहिलेसम्म दुई जना महिलासहित २० जनालाई गोली लागेको देखिएको छ । घटनामा ५८ राउण्ड गोली चलेको छ ।

■ दिनेश आचार्य
प्रवक्ता, नेपाल प्रहरी



■ प्रभाव संवाददाता

**काठमाडौं–** राजसंस्था पुनर्स्थापनाको मागसहित चैत १५ गते दुर्गा प्रसाईं नेतृत्वको समूहले तीनकुनेमा गरेको आन्दोलनमा प्रहरीले ५८ राउण्ड गोली चलाएको र २० जनालाई गोली लागेको स्वीकार गरेको छ । घटनामा प्रहरीले अत्यधिक बल प्रयोग गरेको भन्दै आलोचना बढेपछि बुधबार पत्रकार सम्मेलन गरी प्रहरी प्रवक्ता डिआइजी दिनेश आचार्यले यसबारे जानकारी गराएका हुन् ।

प्रहरीलाई ईँटा प्रहार गरी ज्यान लिने नियतका साथ प्रदर्शनकारी उत्रिएपछि प्रहरीले गोली चलाएको प्रवक्ता आचार्यले बताए । तोडफोड र आगजानीमा उत्रेपछि दिउँसो २ बजेर ५४ मिनेटमा पहिलो गोली प्रहार गरेको उनको भनाइ थियो । ‘अहिलेसम्म दुई जना महिलासहित २० जनालाई गोली लागेको पाइएको छ,’ प्रवक्ता आचार्यले भने । घटनामा ५८ राउण्ड गोली चलेको उनले बताए ।

ठूलो धनजनको क्षति वा अन्य ठूलो भौतिक क्षति हुने अवस्था आयो भने प्रहरीले गोली चलाउने उनले बताए । गोली लागेर घाइते भएकामध्ये १३ जना अस्पतालमा उपचाररत रहेको प्रवक्ता आचार्यले बताए । उनका अनुसार आन्दोलनका क्रममा टियर ग्यास ७४६ राउण्ड, ब्ल्यांक फायर १९२ पटक भएको थियो । दुईवटा गोली पेस्तोलबाट प्रहार भएको उनले बताए । प्रहरीको गोली लागेर काठमाडौं कीर्तिपुरका सविन महर्जनको मृत्यु भएको थियो । उक्त घटनामा एभिन्युज टेलिभिजनका क्यामरापर्सन सुरेश रजकको पनि मृत्यु भएको थियो ।

⏭ क्रमशः पृष्ठ २ मा

राप्रपा नेता तामाङ भन्छन्–

## दुर्गा प्रसाईंको फोटो देखेर म फर्कें



राजसंस्थाको मूल मुद्दा बोकेको पार्टी हो, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) । चैत १५ गते तीनकुनेमा आयोजित कार्यक्रममा राप्रपा नेताहरू पनि सहभागी भएका थिए । त्यसैक्रममा आफू पनि तीनकुने पुगेको तर त्यहाँको अवस्था देखेर तुरुन्तै फर्केको राप्रपा उपाध्यक्ष बुद्धिमान तामाङले बताए ।

पूर्वगृहमन्त्रीसमेत रहेका तामाङले संसद्को राज्य व्यवस्था तथा सुशासन समितिको बुधबारको बैठकमा उनले यसबारे बताएका हुन् । ‘हाम्रो पार्टीको अध्यक्ष राजेन्द्र लिङ्देनज्यू, ज्ञानेन्द्र शाहीसहित ग्रुप नै थियो । हामी प्रदर्शनमा जाने कुरा भइरहेको थियो । म त गएँ । सरर मञ्चतिर हेर्दा त राजाको फोटो, त्यसपछि उही बराबरको दुर्गा प्रसाईंको फोटो । ओहो ! यो त खत्तम रहेछ,’ तामाङले थपे, ‘अनि म त फरक्क फर्कें ।’

⏭ क्रमशः पृष्ठ २ मा

# टोखाबाट बरामद २५ करोडको मालिक विवादित व्यापारी नारायण पौडेल



९८३७/११८४ नागरिकता प्रमाणपत्र नम्बर भएका नारायण पौडेल मालिक भएको हामीले पहिचान गर्‍यौं । पहिले भोटेकोशी–४ स्थायी ठेगाना हो । अहिलेचाहिँ टोखाको महादेवटार हाइटमा बस्दोरहेछ ।

■ चण्डिप्रसाद घिमिरे
महानिर्देशक
राजस्व अनुसन्धान विभाग



- ⏭ भरिया समातिएको दुई सातापछि मालिक पहिचान
- ⏭ फरार पौडेलविरूद्ध पक्राउ पुर्जी जारी, भारत पुगेको आशंका
- ⏭ विवादित पृष्ठभूमिका व्यापारी पौडेलले सुन तस्करीका लागि उक्त रकम चीन लैजाना लागेको खुलासा

■ जेबी योञ्जन

**काठमाडौं–** राजस्व अनुसन्धान विभागले काठमाडौंको टोखा नगरपालिका–२ झोरस्थित सडकखण्डबाट एक ट्रकमा बरामद अवैध २५ करोड रूपैयाँको मालिक पहिचान गरेको छ । ट्रकका चालक समातिएको दुई सातापछि विभागले अवैध रकमको मालिक पहिचान गरेको हो ।

विभागका अनुसार उक्त अवैध रकमका मालिक सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका–४ स्थायी घर भएका ३५ वर्षीय नारायण पौडेल रहेको पहिचान भएको छ । विभागका महानिर्देशक चण्डीप्रसाद घिमिरेले सबुत र प्रमाणका आधारमा पौडेल मालिक भएको पहिचान गरिएको बताए । ‘९८३/७/११८४ नागरिकता प्रमाणपत्र नम्बर भएका नारायण पौडेल मालिक भएको हामीले पहिचान गर्‍यौं । पहिले भोटेकोशी–४ स्थायी ठेगाना हो,’ उनले प्रभावसँग भने, ‘अहिलेचाहिँ टोखाको महादेवटार हाइटमा बस्दोरहेछ ।’

घिमिरेले हाल फरार रहेका मालिक पौडेललाई पक्रन आइतबार नै अदालतबाट पक्राउ पुर्जी जारी भइसकेको जानकारी दिए । ‘हाम्रो टोली महादेवटार हाइटमा भएको घरमा गयो । भोटेकोशीस्थित घरमा पनि गयो तर फेला पार्न सकेनौं । महादेवटार हाइटमा भएको घरमा त कामदारमात्रै फेला पार्‍यौं । उनलाई पक्राउ गर्न अदालतबाट आइतबार नै पुर्जी जारी भइसकेको छ,’ उनले भने ।

पौडेलकै मुख्य लगानी र योजनामा २५ करोड रूपैयाँबराबरको युरो र अमेरिकी डलर चीन लैजान लागेको विभागको अनुसन्धानबाट खुलेको छ । अनुसन्धानको क्रममा चीनबाट सुन तस्करी गर्नकै लागि उक्त रकम चीन लैजाँदै गरेको निष्कर्ष निकालिएको थियो । पैसा लान भने उनले भरियाको रूपमा ट्रकका चालक कुसाङ लामालाई प्रयोग गरेको देखिएको छ । सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका–१ का ४३ वर्षीय फुच्चे भनिने कुसाङ चैत ४ गते पक्राउ परेका थिए ।

ना ७ ख १६५२ नम्बरको ट्रकसहित लामा पक्राउ परेका थिए । त्यसपछि प्रहरीले उनलाई राजस्व अनुसन्धान विभागको जिम्मा लगाएको थियो । विभागका महानिर्देशक घिमिरेले लामो समयसम्मको सिसिटिभी फुटेजसँगै कल डिटेल्स् र त्यसको विश्लेषण र डिजिटल डिभाइसको अध्ययनका आधारमा मालिकको पहिचान गर्न सकिएको बताए ।

उनकै संलग्नतामा ५००, २००, १०० दरको जम्मा १३ लाख ७५ हजार १५० युरो र १००, ५० दरका ती लाख २० हजार ८५० रूपैयाँ ९२५ करोड १९ लाख २४ हजार रकम ट्रकमा लोड भएको सीसीटीभ फुटेजसमेत पत्ता लगाइएको विभागले जनाएको छ । चालक लामाले भने काठमाडौंको सामाखुसीमा उक्त रकम बसमा लोड गरिएको बयान दिएका छन् । तर, प्रहरीले भने लोड भएको स्थानबारे भने जानकारी दिएको छैन ।

यद्यपि, ४ चैतको राति प्रहरीले ११ बजे राति चालक लामालाई पक्राउ गर्नुभन्दा केही समयअघि मात्रै नारायण र चालकबीच फोनमा कुराकानी भएको विवरणसमेत भेटिएको छ । विभागले नारायणको अन्तिम लोकेसन टोखा फेला पारेको छ । टोखादेखि नै उनको फोन स्वीच भएको जनाएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

## नरेश गेलालको नेतृत्वमा संयुक्त व्यवसायी प्यानल घोषणा

**एमालेनिकट प्रगतिशील मञ्च, कांग्रेसनिकट लोकतान्त्रिक एसोसिएसनको असन्तुष्ट पक्ष र एकीकृत समाजवादीनिकट संगठन संयुक्त गठबन्धनमा**




■ ममता थापा

**काठमाडौं–** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आसन्न निर्वाचनका लागि उम्मेदवार सार्वजनिक गरेको छ । मञ्चले लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको असन्तुष्ट पक्षलाईसमेत समेटेर ‘संयुक्त व्यवसायी समूह’को नाममा आफ्ना उम्मेदवारहरू सार्वजनिक गरेको हो । यो प्यानलमा नेकपा एकीकृत समाजवादीनिकट एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन पनि समाहित भएको छ ।

यो समूहबाट संघको आगामी अध्यक्षका लागि नरेश गेलाललाई उम्मेदवार बनाइएको बुधबार आयोजित उम्मेदवार घोषणासभामा जानकारी दिइयो । लोकतान्त्रिक एसोसिएसन र माओवादी केन्द्रनिकट वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चको संयुक्त प्यानलबाट भुवनसिंह गुरुङको नेतृत्वमा उम्मेदवार घोषणा गरिसकिएको छ । एसोसिएसनले गणतान्त्रिकसँग तालमेल गरेकोमा असन्तुष्ट बनेकाहरू एमालेनिकट प्रगतिशीलसँग गठबन्धनमा लागेका हुन् । यही चैत्र २९ गते हुने निर्वाचनमा प्रगतिशील मञ्चले अध्यक्ष, तृतीय उपाध्यक्ष, कोषाध्यक्ष र पाँच सदस्य राखेको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

## एकता समितिको रक्तदान कार्यक्रम, १२० जनाले गरे रक्तदान

काठमाडौं (प्रस)- नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समितिले बुधबार बृहत् रक्तदान तथा नयाँ वर्ष २०८२ को शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरेको छ । मानवीय सेवा नै पवित्र धर्म हो र रगत अभावले कसैले मृत्युवरण गर्न नपरोस् भन्ने उद्देश्यका साथ कार्यक्रमको आयोजना गरिएको समितिका अध्यक्ष हरिबहादुर पाण्डेले जानकारी दिए ।

उनका अनुसार कार्यक्रममा १२० जनाले रक्तदान गरेका थिए । वैदेशिक रोजगार विभागका महानिर्देशक सूर्यबहादुर खत्रीले उद्घाटन गरेको कार्यक्रममा नयाँ वर्ष २०८२ को शुभकामना आदानप्रदानसहित भित्तेपात्रोसमेत सार्वजनिक गरिएको थियो । नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आसन्न निर्वाचनमा एकता समितिको सदस्य भए उसैलाई मतदान गर्नुपर्ने र यदि एउटै पदमा दुई जना उम्मेदवार छन् भने आफ्नो विवेक प्रयोग गरेर मतदान गर्न समितिले आफ्ना सदस्यहरूलाई निर्देशनसमेत दिएको छ ।

## माइतीघरमा म्यानपावर पीडितको प्रदर्शन


**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका नाममा म्यानपावर, कन्सल्टेन्सी र ट्राभल एजेन्सीबाट पीडित भएकाहरूले बुधबार माइतीघर मण्डलमा प्रदर्शन गरेका छन् । प्रदर्शनमा सहभागी पीडितहरूका अनुसार मुलुकभरबाट ८० हजारभन्दा बढी नागरिक वैदेशिक रोजगारीका नाममा ठगिएका छन् ।

आफूहरूको माग कहिले र कुन सरकार आएपछि सुनुवाइ हुने हो भन्दै आन्दोलनमा सहभागीहरूले प्रश्न गरेका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

प्रधानमन्त्रीको थाइल्याण्ड भ्रमण

## नेपाल र थाइल्याण्डबीच आठ समझदारीपत्रमा हस्ताक्षर



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल र थाइल्याण्डबीच विभिन्न आठ समझदारीपत्रमा हस्ताक्षर भएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको थाइल्याण्डको औपचारिक भ्रमणका क्रममा दुई देशका सरकारी पक्षबीच दुईवटा र गैरसरकारी पक्षबीच छवटा समझदारीपत्रमा हस्ताक्षर भएको हो ।

समझदारीपत्रमा हस्ताक्षर समारोहअघि प्रधानमन्त्री ओली र थाइल्याण्डका प्रधानमन्त्री पे थोङ् थान् शिनावात्ले द्विपक्षीय भेटवार्ता गरेका थिए । सो अवसरमा राजनीतिक तथा द्विपक्षीय सम्बन्ध, व्यापार तथा आर्थिक सहकार्य, उड्डयन, पर्यटन तथा संस्कृति, विकास सहकार्य, तथा क्षेत्रीय र बहुपक्षीय मुद्दाका सम्बन्धमा आ-आफ्ना धारणा व्यक्त गरेका थिए ।

दुवै देशका प्रधानमन्त्रीको समुपस्थितिमा सरकारी तवरबाट संस्कृति तथा पर्यटनका क्षेत्रमा दुईवटा समझदारी भएको छ भने गैरसरकारी क्षेत्रबीच विभिन्न छ वटा विषयका समझदारीपत्रमा हस्ताक्षर भएको छ । नेपाल सरकारको तर्फबाट परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा र थाइल्याण्डका संस्कृतिमन्त्री सुडवान वाङसुफाकिज्कोसोलले सांस्कृतिक क्षेत्रमा सहकार्यसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गरेका हुन् ।

त्यस्तै परराष्ट्रमन्त्री डा. देउवा र थाइल्याण्ड सरकारका पर्यटन तथा खेलकुदमन्त्री सोरावाङ तियनथोङले पर्यटन क्षेत्रमा सहकार्यसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गरे ।

⏭ क्रमशः पृष्ठ २ मा

### यी हुन् आठ समझदारी

- सांस्कृतिक क्षेत्रमा सहकार्यसम्बन्धी समझदारी
- पर्यटन क्षेत्रमा सहकार्यसम्बन्धी समझदारी
- नेपाल नेत्र ज्योति संघ र महिडोल युनिभर्सिटीबीच समझदारी
- जनता एग्रो एण्ड फरेस्ट्री नेपाल (जेएएफएल) र कासेटसार्ट विश्वविद्यालय थाइल्याण्डबीच सम्झौता
- एफएनसिसिआई र थाइल्याण्डको व्यापार बोर्डबीच समझदारी
- काठमाडौं विश्वविद्यालय र सियाम विश्वविद्यालयबीच समझदारी
- नेपाल उद्योग परिसंघ र थाइ उद्योग महासंघबीच समझदारी
- नेपाल चेम्बर अफ कमर्स र थाइल्याण्ड पर्यटन परिषद्बीच समझदारी

## पृष्ठ १ बाट क्रमशः

## टोखाबाट बरामद...

त्यसले गर्दा उनको खोजीमा समस्या भइरहेको प्रहरीले जनाएको छ । प्रहरीले पौडेल भारत पुगेको हुन सक्ने आशंका गरेको छ । उनको सरकारले राहदानी रोक्का गरेको छ । पौडेल पहिलेदेखि नै विवादास्पद पृष्ठभूमिका व्यक्ति भएको खुलेको छ । उनी हुण्डीदेखि डलर र सुन तस्करीसम्म जोडिएका छन् । उनले सार्वजनिक छाप दस्तखत कीर्तेमासमेत मुद्दा झेलेको पाइएको छ । उनी नेकपा माओवादी केन्द्रमा आबद्ध भएको स्रोतले जनाएको छ ।

२०६० सालतिरदेखि कन्टेनर किनेर नारायण र उनका दाजु राजकुमार चीनबाट सामान आयात-निर्यात गर्थे । त्यहीबेला दाजुभाइको सम्पत्ति अचाक्ली गरी बढेको थियो । हाल उनीहरूको लगानी हाइड्रो, क्रसरलगायत क्षेत्रमा पनि छ ।

विभागले विदेशी विनियम (नियमित गर्ने) ऐन २०१९ अतर्गतको कसूरमा अनुसन्धान गरिरहेको छ । रकमसहित पक्राउ परेका र यसका मालिकविरुद्ध सम्पत्ति शुद्धीकरणमासमेत अनुसन्धान गर्नुपर्ने देखिएको अवस्थामा त्यसमासमेत अनुसन्धान गर्ने विभागको तयारी छ । यी तीनवटै कसूरको अनुसन्धान क्षेत्राधिकार विभागसँग छ । संगठित अपराधको कसूर जोडिएको अवस्थामा भने विभागबाट यो अनुसन्धान प्रहरीमा सर्ने छ ।

यसअघि संसद्मा सांसदहरूले प्रहरीको आलोचना गरेका थिए । कहिल्यै मालिक पक्राउ नगर्ने अनि ट्याक्सी ड्राभइर, भरियाजस्तालाई मात्रै पक्राउ गरेर कानुनी दायरामा ल्याउनु गलत र आपत्तिजनक भएको उनीहरूको भनाइ थियो । जतिसुकै ठूला आरोपी भए पनि पक्राउ गरेर कानुनी दायरामा ल्याउन दबाब दिइएको थियो । यसरी संसद्मासमेत यो विषय उठेको दुई सातापछि २५ करोड अवैध नोटका मालिकलाई प्रहरीले पहिचान गरेको हो । मालिक भने पक्राउ परेका छैनन् ।

■■■

## नरेश...

एसोसिएसनका असन्तुष्ट पक्षले प्रथम उपाध्यक्ष, महासचिव र तीन सदस्य र समाजवादीनिकट संगठनले द्वितीय उपाध्यक्ष, सचिव र दुई सदस्य पाएको छ ।

प्रगतिशील मञ्चका पूर्वअध्यक्ष तथा संघका पूर्वमहासचिवसमेत रहेका गेलालको नेतृत्वमा रहेको टिमको प्रथम उपाध्यक्षमा एलाइन्स हयुमन रिसोर्स प्रालिका सुजितकुमार श्रेष्ठ, द्वितीय उपाध्यक्षमा इम्प्लोइमेन्ट लिंक प्रालिका मधुकर रिजाल र तृतीय उपाध्यक्षमा न्यु अल्फा एचआरका बैकुण्ठ वैभव पौडेलले उम्मेद्वारी दिएका छन् । गेलालको प्यानलबाट महासचिवमा डाइनामिक स्टाफिङ सोलुसनका कर्ण कटवाल, सचिवमा कन्फिडेन्ट इन्टरनेसनल म्यानपावरका अनिल बोगटी र सचिवमा कालिञ्चोक एचआरकी धनु सिञ्जाली मगर उम्मेदवार रहेका छन् ।

त्यसैगरी सदस्यहरूमा माउन्टेन ग्रुपमा देउमान गुरुङ, ग्रोथ प्रोसेस इम्प्लोइमेन्टका राजेन्द्र बस्नेत, उज्यालो ओभरसिज प्रालिका चन्द्र लिम्बू, रियो ओभरसिजकी रमा खड्का, विनर एचआरकी हिमा गुरुङ, गल्फ इम्पेयरका दिनेश बस्नेत, आयुष ओभरसिजका कामेश्वर शाह राहुल, सिगल ओभरसिजका छत्र बस्नेत, डेस्टिनी हयुमन रिसोर्सका युवराज देवकोटा र गल्फ एसिया म्यानपावरका राजेश यादव रहेका छन् ।

घोषणा कार्यक्रममा बोल्दै संघका पूर्वअध्यक्ष विमल ढकालले गेलालको नेतृत्वमा बनेको टिम वैदेशिक रोजगारीका क्षेत्रमा देखापरेका समस्या समाधान गर्न सक्षम रहेको दाबी गरे । संघको नेतृत्व गर्ने व्यक्ति अनुभवी र व्यक्तित्व पनि परेको हुनुपर्ने भएकोले त्यो क्षमता गेलालमा भएको उनको भनाइ थियो । आफूले सर्वसम्मत कार्यसमिति बनाउन कोसिस गर्दा पनि सफल नभएको उनले बताए । 'राजनीतिक प्रोपोगाण्डाले संघको नेतृत्वमा सही व्यक्ति आउन सकेको इतिहास छैन । सोच विचार गरेर मतदान गर्नुहोला,' उनले व्यवसायीहरूलाई भने ।

संघका महासचिव मेघनाथ भुर्तेलले एसोसिएसनको हालको नेतृत्वले कार्यसमितिको हिसाबले आधिकारिक निर्णय गरेको तर संस्थाको संरचना विपरीत ७५ प्रतिशत सदस्यलाई बाइपास गरेर एकलौटी निर्णय गरेको कुरा चित्त नबुझेको बताए । 'पार्टी सभापतिसँग हामी ३०-४० जना जति गएर कुरा गर्दा पार्टीको नीति जे छ त्यही गर्नू, त्यही नै आधिकारिक हो भनेकाले पार्टीको निर्देशनअनुसारको गठबन्धन बन्यो,' उनले भने । आफूहरूको राजनीतिमा आस्था भए पनि पहिले व्यवसायी भएकाले व्यवसायीको मर्मलाई समेट्न यो प्यानल बनेको उनको भनाइ छ ।

■■■

## माइतीघरमा...

विदेश पठाइदिने नाममा सोझासाझा नागरिकलाई ठगी गर्नेहरूलाई सरकारले जोगाएर राखेको भन्दै उनीहरू आक्रोशित भएका छन् ।

विगत २५ महिनादेखि निरन्तर आफ्ना समस्याहरू राख्दा पनि सरकारले सुनुवाइ नगरेको आन्दोलनलाई नेतृत्व गरिरहेका पीडित दीपक रावलले बताए । 'हामीले गृहमन्त्री, श्रममन्त्रीदेखि विभागका पदाधिकारीलाई निरन्तर भेटिरहेका छौं तर अहिलेसम्म हाम्रो समस्याको सम्बोधन भएको छैन । यो आन्दोलन आनिश्चित्कालका लागि हो,' रावलले भने । अब देशभरबाट संगठन बनाएर आन्दोलनलाई थप सशक्त बनाउने उनले बताए ।

■■■

## राजावादीको...

उनको भने प्रदर्शनकारीले आगो लगाएको घरभित्र जलेर मृत्यु भएको हो ।

प्रदर्शनकारीको आक्रमणमा परी ५५ नेपाल प्रहरी र २३ सशस्त्र प्रहरी घाइते तथा प्रहरीको बल प्रयोगबाट ५३ जना प्रदर्शनकारी घाइते भएको आचार्यले बताए ।

कसरी भड्कियो प्रदर्शन ?

कार्यक्रम सुरु हुनासाथ पौने एक बजेतिर मञ्चबाटै एक जनाले 'अब नयाँ बानेश्वरतिर जानुपर्छ' भनेर उद्घोष भएपछि प्रहरीले अश्रुग्यास चलाएको प्रहरीको दाबी छ । 'नेताको घर जलाउने कार्यक्रम गर्नुपर्छ । यहाँ दिनदिनै आएर टाइम वेस्ट गर्दैनौं । आगो लगाउने हो अब,' एक जनाले मञ्चबाट भनेको प्रहरीको भनाइ छ । त्यसको केही समयमै प्रदर्शनका कमाण्डर दुर्गा प्रसाईंले भने, 'हामी अघि बढ्छौं । हामी संसद् भवन, सिंहदरबार र एयरपोर्ट कब्जा गर्छौं ।'

त्यसपछि माइक लिएर राष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रले उनलाई साथ दिए । उनले भने, 'हामी अगाडि बढाऔं । पछाडि हट्ने होइन । हामी हाम्रो कमाण्डरलाई सुरक्षित गर्छौं । दुर्गाजी यही हुनुहुन्छ । धवलजी यही हुनुहुन्छ । यहाँ बसेर गर्ने होइन ।'

प्रदर्शनमा उत्रेकाहरूले यति भनेर प्रसाईंले प्रहरीको घेरा तोडेपछि सुरक्षाकर्मीले अश्रुग्यास प्रहार गरेको प्रवक्ता आचार्यले दाबी गरे । 'बानेश्वरतिर जानुपर्छ भनेर अनाउन्स भएपछि हामीले अश्रुग्यास प्रहार गरेका हौं,' उनले भने । तीनकुनेमा भेला भएका प्रदर्शनकारीहरू निषेधित क्षेत्र तोड्दै संसद् भवनतर्फ अघि बढ्न खोजेपछि त्यसलाई नियन्त्रणमा लिन प्रहरीले शुक्रबार १२ बजेर ५० मिनेटमा पहिलो अश्रुग्यास प्रहार गरेको देखिन्छ ।

मञ्चमा कार्यक्रम सुरु हुनासाथ राष्ट्रिय गान बजेको र त्यही समयमा प्रहरीले अश्रुग्यास प्रहार गरेको प्रसाईं पक्षधरको दाबी छ । यद्यपि, यो साँचो नभएको प्रहरीको दाबी रह्यो । 'राष्ट्रिय गान बजेकै छैन । त्यो फेक भिडियो हो,' प्रवक्ता आचार्यले भने ।

प्रसाईं नेतृत्वको भीड तीनकुनेबाट जबरजस्ती अघि बढेपछि प्रदर्शनकारी थप उत्तेजित भएको आचार्यले बताए । प्रहरीले निषेधित क्षेत्रबाट हटाएपछि तीनकुनेको मञ्चबाट दुर्गा प्रसाईं र रवीन्द्र मिश्रले संसद् भवन, सिंहदरबार र विमानस्थल कब्जा गर्न माइकिङ गर्दै निर्देशन दिएको र प्रदर्शनकारी तोडफोडमा उत्रिएको प्रवक्ता आचार्यले बताए ।

तीनकुनेमा तोडफोड र आगलागी भएको घरमा जान नसकेपछि प्रहरीले पानीको फोहरा प्रहार गरेको र दमकल जान खोज्दा ढुंगामुढासमेत भएको प्रहरीले जनाएको छ । घटनापछि फरार रहेका प्रसाईंको खोजी कार्य जारी रहेको र हिंसात्मक गतिविधिमा संलग्नको पहिचान गरी नियन्त्रणमा लिइएको जानकारी दिए ।

■■■

## दुर्गा प्रसाईंको...

बैठकमा तामाङले तीनकुने घटनामा आफ्नो पार्टी पनि जोडिएको भन्दै निष्पक्ष छानबिन गर्न माग गरे । उनले भने, 'यस घटनामा न्यायिक जाँच हुनुपर्छ । सत्यतथ्य पत्ता लगाउनुपर्छ । दोषीलाई नेपालको कानुनअनुसार कारबाही हुनुपर्छ ।' राप्रपाका वरिष्ठ उपाध्यक्ष मिश्र र महामन्त्री शमशेरमाथि भएभरको कानुन लगाएर राख्न नपाइने उनको भनाइ थियो ।

■■■

## नेपाल ...

दुवै देशका प्रधानमन्त्रीको उपस्थितिमा नेपाल र थाइल्याण्डका गैरसरकारी क्षेत्रहरूबीच विभिन्न छवटा समझदारीपत्रमा हस्ताक्षर भएका छन् । यसमा नेपाल नेत्र ज्योति संघ र थाइल्याण्डको महिदोल विश्वविद्यालयअन्तर्गतको रामाथिवोदी अस्पतालबीच सहकार्यसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । उक्त समझदारीपत्रमा संघका अध्यक्ष प्रा.डा. चेतराज पन्त र महिडोल युनिभर्सिटीका चिकित्सा संकाय, रामाथिबोडी अस्पतालका डिन प्राध्यापक आर्टिट उंकानन्तले हस्ताक्षर गरेका छन् ।

त्यस्तै, जनता एग्रो एण्ड फरेस्ट्री नेपाल (जेएएफएल) र कासेटसार्ट विश्वविद्यालय थाइल्याण्डबीच सम्झौतापत्रमा हस्ताक्षर भएको छ । नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसिसिआई) र थाइल्याण्डको व्यापार बोर्डबीचको समझदारीपत्रमा हस्ताक्षर भएको हो । काठमाडौं विश्वविद्यालय र थाइल्याण्डको सियाम विश्वविद्यालय सहकार्यसम्बन्धी पत्रमा पनि हस्ताक्षर भएको छ । नेपाल उद्योग परिसंघ र थाइ उद्योग महासंघबीच सहकार्यसम्बन्धी सम्झौतापत्रमा समझदारी भएको छ । त्यस्तै, नेपाल चेम्बर अफ कमर्स र थाइल्याण्ड पर्यटन परिषद्बीच समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

■■■


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/१२/२५ मा दर्ता भएको **प्रा.लि.नं. २६१५८६** को **राष्ट्रिय बहुउद्देश्यीय अर्गानिक कृषि उत्पादक प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१२/०७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/१०/०९ मा दर्ता भएको **प्रा.लि.नं. ५९८०४** को **ओम हिमालयन आलमुनियम स्टुक्चर प्रा.लि.** को मिति २०८१/१२/२० को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**



**श्री नं. १ वन तथा पर्यावरण सुरक्षा गण, रानिबास व्यारेक, सिन्धुली**

**तारवार र ड्रेनेज निर्माणको e-GP बोलपत्र आव्हानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८१/१२/२१ गते) ठेक्का सूचना NA/No1fes/081/82/04, र 05**

१. यस गणले सिरहा जिल्ला धनगडिमाई न.पा. १२ र १३ मा तारबार सहित वृक्षारोपण र सप्तरी जिल्ला सुरूङ्गा न.पा. ३ लक्ष्मणपुर ताल तलैयाको ड्रनेज निर्माण कार्य गर्नको लागी e-GP System को माध्यमबाट बोलपत्र आव्हान गरिएको हुँदा नेपाल सरकारबाट सम्बन्धित कामको लागि ईजाजत प्राप्त इच्छुक फर्म/कम्पनि/सप्लार्यसहरूले बिस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट http://www.bolpatra.gov.np/egp मा हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।
२. विद्युतिय माध्यमबाट बोलपत्र अपलोड गर्नु पर्ने अन्तिम मिति २०८२/०१/२१ गतेको १२:०० बजेभित्र र बोलपत्र खोलुवा सोही दिनको १३:०० बजे गण कार्यालय रानिबासमा हुनेछ ।
३. थप जानकारीको लागी यस गण कार्यालयको फोन नं. ९८५४०४५६१९ मा समेत सम्पर्क गर्न सक्नु हुनेछ ।

**बोलपत्रको विवरण**

| सि. नं. | कामको विवरण | बोलपत्र मान्य अवधि | बोलपत्र दस्तुर रू. | लागत अनुमान रकम रू. (मु.अ.कर बाहेक) | बोलपत्र जमानत रू. | कै |
|---|---|---|---|---|---|---|
| १. | सिराह जिल्ला धनगडिमाई न.पा. १२ र १३ गड्मेमा १५ हे. जमिनमा तारवार सहित वृक्षारोपण | ९० दिन | ३०००.०० | २७,२२,९९५.९२ | ८२,०००.०० | |
| २. | सप्तरी जिल्ला सुरूङ्गा न.पा.३ लक्ष्मणपुर तालतलैयाको ड्रनेज निर्माण | ९० दिन | ३०००.०० | ४१,७५,३००.३९ | १,२६,०००.०० | |



**साउदीमा रोजगार** कम्पनी : Khamseen Oil Station for Fuel

पूर्व स्वीकृति मिति : २०८१/०९/०५ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/२० LT. No. 315678 चलानी नं. ६०२३००३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 1 | 0 | 1200 | ४३,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २८ गते (10th Apr. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1342/074/75
**Muskan Overseas Pvt. Ltd.**
Samakhushi -26, Kathmandu, Nepal, Tel: 01 - 4959026, 01-4963094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



**मलेसियामा शुन्य लागतको रोजगार !!**
**ZERO COST RECRUITMENT FOR MALAYSIA !!**

कम्पनी : FREIGHTWATCH G PATOMOTOH SECURITY SERVICES SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८१/१२/२० LT. No. 321470 चलानी नं. ६०२३५७३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 97 | 0 | 1700 | ५२,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २८ गते (10th Apr. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**R. A. International Employment Agency Pvt Ltd**
श्रम इजाजत नं. १४०४/०७४/०७५
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035,
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net



**कुवेतमा रोजगार** कम्पनी : FIRST GROUP CO. FOR GEN. TRAD. & CONT.

पूर्व स्वीकृति मिति २०८१/१२/२० LT. No. 321472 चलानी नं. ६०२३५६०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver | 50 | 0 | 150 | ६६,४८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Workers/helper/labour | 450 | 0 | 90 | ३९,८९३ | | | | | | | |

कम्पनी : NEXUS ENGINEERING GENERAL TRADING & CONTRACTING CO.W.L.L

पूर्व स्वीकृति मिति २०८१/१२/२० LT. No. 321473 चलानी नं. ६०२३३६६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Engineer (Telecom) | 3 | 0 | 430 | १९०,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 24 | 0 | 95 | ४२,१०९ | | | | | | | |
| 3 | RIGGERS | 8 | 0 | 165 | ७३,१३७ | | | | | | | |
| 4 | Scafolder | 35 | 0 | 120 | ५३,१९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २८ गते (10th Apr. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Dana Human Resource Nepal Pvt. Ltd.**
Govt. Lic.No 1692/081/81
Sinamangal, Kathmandu, Tel No. +977-01-5923344, Phone No: 980-2373747
Email Id: dananepalpg@gmail.com, info@dananepal.com, website : www.dananepal.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**बिहीबार, २१ चैत, २०८१**

| | |
|---|---|
| **मेष** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **वृष** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **मिथुन** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **कर्कट** | रोकिएका काम सम्पादन हुनेछ । |
| **सिंह** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| **कन्या** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **तुला** | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **वृश्चिक** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **धनु** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **मकर** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **कुम्भ** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| **मीन** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२१ चैत, २०८१ (३, अप्रिल २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.४६ | १३७.०६ |
| युरो | १ को | १४७.२१ | १४७.८५ |
| पाउन्ड स्टिर्लङ | १ को | १७६.१० | १७६.८८ |
| स्विस फ्रैन्क | १ को | १५४.५९ | १५५.२७ |
| अस्ट्रेलियन डलर | १ को | ८५.२४ | ८५.६१ |
| क्यानाडियन डलर | १ को | ९४.७७ | ९५.१८ |
| सिङ्गापुर डलर | १ को | १०१.५७ | १०२.०१ |
| जापानी येन | १० को | ९.१४ | ९.१८ |
| चिनियाँ युआन | १ को | १८.७७ | १८.८५ |
| साउदी अरब रियाल | १ को | ३६.३८ | ३६.५४ |
| कतारी रियाल | १ को | ३७.४४ | ३७.६० |
| थाई भाट | १ को | ४.०० | ४.०१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.१५ | ३७.३२ |
| मलेसियन रिङेट | १ को | ३०.७५ | ३०.८९ |
| दक्षिण कोरियन वन | १०० को | ९.२६ | ९.३० |
| स्विडिस क्रोनर | १ को | १३.६१ | १३.६७ |
| डेनिस क्रोनर | १ को | १९.७३ | १९.८२ |
| हङकङ डलर | १ को | १७.५४ | १७.६२ |
| कुवेती दिनार | १ को | ४४२.५६ | ४४४.५१ |
| बहराइन दिनार | १ को | ३६१.९९ | ३६३.५८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# नेपाल नेत्रज्योति संघ र महिडोल युनिभर्सिटीबीच समझदारी

**काठमाडौं–** आँखा उपचार सेवाको विकास र विस्तारका लागि नेपाल नेत्रज्योति संघ र थाइल्याण्डको महिडोल युनिभर्सिटीका बीचमा आपसी सहकार्यसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

थाइल्याण्डको औपचारिक भ्रमणमा रहेका प्रधानमन्त्री केपी शर्मा ओली र थाइल्याण्डका प्रधानमन्त्री पे थिं शिनावात्को समुपस्थितिमा बुधबार ती दुई संस्थाबीच बैंककमा आपसी सहकार्य गर्नेसम्बन्धी समझदारी भएको संघले जनाएको छ ।

आँखा उपचार सेवाको विकास र विस्तारका लागि ज्ञान, विशेषज्ञता र प्रविधिहरू आदानप्रदानका लागि दुई संस्थाका बीचमा समझदारी भएको जनाइएको छ । उक्त समझदारीपत्रमा संघका अध्यक्ष प्रा.डा. चेतराज पन्त र महिडोल युनिभर्सिटीका चिकित्सा संकाय, रामाथिबोडी अस्पतालका डिन प्राध्यापक आर्टिट उंकानन्तले हस्ताक्षर गरेका छन् ।

उक्त सम्झौताअनुसार अब दुई संस्थाले थाइल्याण्ड, नेपाल तथा अन्य देशमा आँखा परीक्षणलगायतका आँखा हेरचाहसम्बन्धी कार्यक्रमहरू संयुक्तरूपमा सञ्चालन गर्ने छन् । संघका कार्यकारी निर्देशक डा. शैलेशकुमार मिश्रका अनुसार नेपाल र थाइल्याण्डका नेत्र विशेषज्ञ तथा अन्य आँखा सेवामा संलग्न विज्ञहरूको अनुभव तथा क्षमता अभिवृद्धि गर्न संयुक्तरूपमा काम गर्ने छन् भने 'इन्टर्नसिप' तथा छात्रवृत्तिहरूकोसमेत आदानप्रदान हुने छ ।

महिडोल विश्वविद्यालय थाइल्याण्डको सबैभन्दा पुरानो र प्रतिष्ठित चिकित्सा संस्था मानिन्छ । सन् १८८८ मा तत्कालीन राजा चुलालोंकोर्न (राम पञ्चम) द्वारा स्थापना गरिएको चिकित्सा अनुसन्धान र शिक्षामा उत्कृष्टता हासिल गरेको सो विश्वविद्यालयले स्वास्थ्य सेवाको प्रवर्द्धनमा विश्वव्यापीरूपमा महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आएको जनाइएको छ ।

सन् १९७८ मा स्थापना भएको नेपाल नेत्रज्योति संघ नेपालकै अग्रणी गैरसरकारी संस्था रहेको छ । यसले सुलभ र गुणस्तरीय आँखा उपचार सेवा प्रदान गर्दै आएको छ । २८ आँखा अस्पताल, २२४ आँखा उपचार केन्द्र र ४५ जिल्ला शाखामार्फत संघले वार्षिक ३० लाखभन्दा बढी व्यक्तिलाई सेवा दिँदै आएको छ भने तीन लाखभन्दा बढी आँखाको शल्यक्रिया गर्दै आएको छ ।

दुई संस्थाका बीचमा भएको यो समझदारीले नेपाल-थाइल्याण्ड सहकार्यमा नयाँ अध्यायको सुरुआत गरेको बताइएको छ । यसले उच्च गुणस्तरको आँखा उपचार सेवा प्रदान गर्ने र यस क्षेत्रभरि रोकथाम गर्न सकिने अन्धोपन कम गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास संघले लिएको छ । *रासस*

# राप्रपा नेता बोहराको अन्त्येष्टि



**काठमाडौं (प्रस)–** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का संस्थापक नेता तथा प्रतिनिधिसभाका सांसद दीपक बोहराको बुधबार अन्त्येष्टि गरिएको छ । उनको उपचारको क्रममा मंगलबार ७६ वर्षको उमेरमा निधन भएको थियो ।

सांसद बोहराको बुधबार पशुपति आर्यघाटमा हिन्दू परम्पराअनुसार अन्त्येष्टि गरिएको हो । उनको पार्थिव शरीरमा छोराहरू गौरव बोहरा र प्रज्ज्वल बोहराले दागबत्ती दिएका थिए । सभामुख देवराज घिमिरे, उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंह, उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे तथा राप्रपाका नेता कार्यकर्ताले पशुपति आर्यघाटमा पुगेर नेता बोहराप्रति श्रद्धाञ्जली अर्पण गरेका थिए ।

त्यसैगरी राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले नेता बोहराको पार्थिव शरीरमा पार्टीको झण्डा ओडाएर श्रद्धाञ्जली अर्पण गरेका थिए । त्यसअघि राप्रपाले आयोजना गरेको श्रद्धाञ्जली कार्यक्रममा उपसभामुख इन्दिरा राना, नेकपा एकीकृत समाजवादीका महासचिव घनश्याम भुसाल, नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसी, नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डे, नेकपा एमालेका सचिव योगेश भट्टराई र राप्रपाका नेता तथा कार्यकर्ताले बोहराप्रति श्रद्धाञ्जली अर्पण गरेका थिए ।

# बजार अनुगमन तीव्रः सात फर्म कारबाहीमा

**काठमाडौं (प्रस)–** वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले बजार अनुगमनलाई तीव्रता दिएको छ । अनुगमनका क्रममा विभागले सात वटा फर्मलाई कागजातसहित विभागमा उपस्थित हुन निर्देशन दिएको छ ।

विभागद्वारा गरिएको अनुगमनका क्रममा उपभोक्ता संरक्षण ऐन, २०७५ तथा उपभोक्ता संरक्षण नियमावली, २०७६ को उल्लंघन गरेको पाइएपछि विभागले सम्बन्धित व्यवसायीलाई आवश्यक निर्देशन तथा कारबाही गर्नुका साथै एउटा फर्मको बिक्री रोक्कासहित सातवटा फर्मलाई कागजातसहित विभागमा उपस्थित हुन निर्देशन दिएको हो ।

अनुगमनका क्रममा स्पार्क अटो केयर प्रालि (काठमाडौं महानगरपालिका-८) को बिक्री वितरण रोक्का गर्दै सम्बन्धित कागजातसहित विभागमा उपस्थित हुन निर्देशन दिइएको छ । यसैगरी गौरंग सारिज प्रालि (काठमाडौं-३१), सिजी मोटर्स प्रालि (ललितपुर महानगरपालिका-२), एसियन बिस्कुट एण्ड कन्फेक्सनरी प्रालि (विराटनगर महानगरपालिका-९), सिजन आइटी (काठमाडौं-२२), अर्बन गेअर्स (काठमाडौं-३१), गाभिनो फेसन वेयर (काठमाडौं-३१) लाई कागजातसहित विभागमा उपस्थित हुन निर्देशन दिएको छ ।

विभागले उपभोक्ताको हक र हित संरक्षण गर्दै बजारलाई स्वच्छ र प्रतिस्पर्धी बनाउने उद्देश्यले निरन्तर अनुगमन तथा आवश्यक कारबाही गर्ने जनाएको छ । उपभोक्ता अधिकार सुनिश्चित गर्न व्यवसायले कानुनी प्रावधान पूर्णरूपमा पालना गर्नुपर्ने तथा बुधबारदेखि सबै सामग्रीमा अधिकतम खुद्रा मूल्य (एमआरपी) अनिवार्य गरिएको विभागका महानिर्देशक कुमार दहालले बताए ।

'जोखेर वा नापेर बिक्री गर्नेबाहेकका सबै सामग्रीमा एमआरपी अनिवार्य गरेका छौं, जसले गर्दा स्वच्छ तथा पारदर्शी बजार हुने छ, सानो सामग्रीदेखि ठूला गाडी सबैमा एमआरपी उल्लेख हुनुपर्ने छ,' उनले भने ।


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक ३३७ चैत २० गते २०८१ मा प्रकाशित भएको **All Asia Overseas Pvt.Ltd.** को Lot No. 321458 को विज्ञापनमा देशको नाम **साउदी र सेलरी सिटमा SR** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोधका साथ जानकारी गराइन्छ ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

## रद्द गरिएको सूचना

प्रभाव दैनिकमा मिति २०८१ चैत १६ गते हसना भास्तिपुर वचत तथा ऋण सहकारी संस्था लि. ले प्रकाशन गरेको **ऋण चुक्ता गर्नेबारे ३५ दिने अत्यन्त जरूरी सूचना रद्द गरिएको** व्यहोरा यसै सूचना मार्फत सम्पूर्णमा जानकारी गराइछ ।

**- हसना भास्तिपुर**
वचत तथा ऋण सहकारी संस्था लि.

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको मिति २०८१।१०।२६मा बसेको विशेष साधारण सभाको निर्णयानुसार कम्पनी लोउलान रेष्टुरेण्ट प्रा.लि. (Loulan Restaurant Pvt. Ltd.) दर्ता नं. १६९६७९ (दर्ता मिति २०७४।०२।३० नामको रहेको संम्पूर्ण चल अचल संम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सर्कार्ने गरी कम्पनीको नाम परिवर्तन गरी फोटिन पिक्स बिजनेश लाउन्ज प्रा.लि.(Fourteen Peaks Business Lounge Pvt. Ltd.) कायम गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## होटल कैलाश कुटीको प्रारम्भिक वातावरणीय परिक्षणको सार्वजनिक सूनुवाईको सूचना

**प्रथम पटक प्रकाशित मिती २०८१/१२/२१**

बागमती प्रदेश, काठमाडौ जिल्ला, काठमाडौं महानगरपालिका वडा नं १६, ठमेलमा होटल कैलाश कुटी प्रा. लि. द्वारा सञ्चालनमा रहेको होटल कैलाश कुटीको तिन भवन, ५८ कोठामा ९६ शय्या क्षमतामा होटलको स्तरोन्नती तथा संचालनको लागि बागमती प्रदेश वातावरण संरक्षण ऐन २०७७, को प्रावधान अनुसार प्रारम्भिक वातावरणीय परिक्षण गर्ने क्रममा उक्त ऐनको दफा ३ को उपदफा (४) को प्रावधानमा व्यवस्था भए बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण गर्न सार्वजनिक सूनुवाईको लागि यो सूचना प्रकाशित गरिएको हो । उक्त आयोजनाको मस्यौदा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दै गर्दा प्रतिवेदन स्वीकृतको क्रममा वातावरणीय सवालबारे सुझाव संकलन गर्नुपर्ने भएकाले स्थानीय समुदाय तथा सरोकारवालाहरु र प्रस्तावकको प्रतिनिधि बीच प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बारे सार्वजनिक सूनुवाई निम्न मिति, समय र स्थानमा हुने भएकाले सम्बन्धित सबै सरोकारवाला महानुभावहरुको सक्रिय सहभागिताको लागि अनुरोध गरिन्छ ।

**सार्वजनिक सूनूवाई हुने मिति, समय र स्थान**
मिति: २०८१/१२/२९ गते शुक्रबार, समय: दिउँसो २:०० बजे
स्थान: होटल कैलाश कुटी
काठमाडौं महानगरपालिका वडा. नं. १६, ठमेल, काठमाडौं

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/१२/२१**

यस कम्पनीको मिति २०८१/११/२७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **तारापुञ्ज एकेडेमी टुकुचा** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **निष्ट तारापुञ्ज स्कुल काभ्रेपलाञ्चोक** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/१२/११ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **निष्ट तारापुञ्ज स्कुल काभ्रेपलाञ्चोक (प्रा.लि.नं.१८७६९७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

## एनएमबि बैंक लिमिटेड
बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०
हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मितिः २०८१/१२/२१

यस बैंकका निक्षेपकर्ता हरिलाल श्रेष्ठको छोरा, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २१, लगन, दलाक्षी बस्ने श्रीमान तेज लाल श्रेष्ठ (ना.प्र.प. २७-०१-७८-०९३४४ जारी मिति २०७८-०९-०८ जि.प्र.का. काठमाडौं) को मिति २०८१-०७-१३ गते मृत्यु भएकोले मृतकको खातामा भएको सबै रकम म श्रीमति द्वारीका देवि श्रेष्ठको नाममा सारिदिनु होस् भनी निज मृतकको श्रीमति द्वारीका देवि श्रेष्ठले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको पत्नी श्रीमति द्वारीका देवि श्रेष्ठको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## तु-आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिध्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**०१:-पि.आर.ओ (महिला/पुरुष)**
**माग संङ्ख्या:-(०५ जना)**

Qualification for PRO : Must have minimum experience of PRO 3-4 years & +2 cleared

सम्बन्धीत क्षेत्रमा ३-४ बर्षको अनुभवी अंग्रेजी राम्रोसंग बोल्न लेख्न र कम्प्युटरको ज्ञान भएको तलब : आपसी समझदारीमा

CENTRAL CAPITAL SERVICES PVT.LTD.
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : md@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## Schedule - 5
Relating to Section 25
Notice for Maximum Retail Price (MRP)

This is to notify in genereal public that following is the maximum retail price (MRP) of the home appliances & electronics products imported by United Solutions Pvt. Ltd. from china

| S.N | DESCRIPTION | TYPE | BRAND | MODEL | CAPACITY | ORIGIN | UNIT | UNITPRICE | MRP |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WASHING MACHINE | FRONT LOAD | ZIASYS | Z-FLW80TCWR | 8 KG | CHINA | PCS | 58,500.00 | 58,500.00 |
| 2 | REFRIGERATOR | 2 DOOR | ZIASYS | Z-SBRF550TC9R | 550 L | CHINA | PCS | 63,000.00 | 63,000.00 |

SELLER'S NAME: UNITED SOLUTIONS PVT. LTD.
ADDRESS: BIRATNAGAR - 9
PAN NO: 602449957
CONTACT: 021-511588

## रामधुनी नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**झुम्का, सुनसरी, कोशी प्रदेश, नेपाल**

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति २०८१/१२/२१ गते**

यस कार्यालयबाट मिति २०८१/११/२७ गते E-Bidding मार्फत प्रकाशित सूचना बमोजिम पेश हुन आएका सिलबन्दी दरभाउपत्रहरूमध्ये मुल्यांकन समितिको सिफारिस बमोजिम देहायका दरभाउपत्रहरु स्वीकृतीको लागि छनौट गरिएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ (१०) बमोजिम सम्बन्धितको जानकारीको लागि सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

| S.n. | Contract No. | Description of Item | Bidder's Name & Address | Bid Amount (without VAT ) |
|---|---|---|---|---|
| 1 | RMY/SQ/ 04 /081/082 | Supply and Delivery of Stationery - Masland Related Goods | M/s NP Trade and Stationery Suppliers, Buddhanagar, Kathmandu | Rs.9,37,120.00 |

**रामधुनी नगरपालिका**

## नेपाल खानेपानी संस्थान
**शाखा कार्यालय भद्रपुर**

**सिलबन्दी दरभाउपत्र स्वीकृतको लागी छनौट गरिएको आशयको सूचना**

**प्रकाशित मिति :२०८१/१२/२१**

यस कार्यालयबाट मिति २०८१।११ ।१८ गते प्रभाव दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित गरिएको सिलबन्दी दरभाउपत्र अहवान को सूचना अनुसार पेश हुन आएको सिलबन्दी दरभाउपत्र हरु मध्ये तपसिल मा उल्लेखित फर्महरुले कबोल गरेको न्यूनतम मूल्यांकित रकम सारभूत रुपमा प्रभाबग्राही भई स्वीकृती को लागी छनोट गरीएकोले सा.ख. ऐन २०६३ को दफा ४० को उपदफा (५) र सा.ख. नियमावली २०६४ को नियम ८४ को उपनियम (१०) को प्रयोजनार्थ सम्बन्धित सबै दरभाउपत्रदाताहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | फर्मको नाम र ठेगाना | कबोल रकम (मु. अ. क. सहित) |
|---|---|---|---|
| १ | NWSC-BDP-02-2081/082 | ग्रीन लिफ प्रा.ली. , पुतलीसडक,काठमाण्डौ | ६४०५५०/- |
| २ | NWSC-BDP-03-2081/082 | दिपक निर्माण सेवा, राजबिराज-११ | ९४११५८/- |

## सुदूरपश्चिम विश्वविद्यालय केन्द्रीय कार्यालय
**महेन्द्रनगर, कञ्चनपुर**

**विश्वविद्यालयमा कार्यरत शिक्षक/कर्मचारीहरूको दुर्घटना, प्राकृतिक मृत्यु तथा औषधि उपचार बीमाको लागि आशयपत्रको सूचना**

**सूचना प्रकाशन मितिः २०८१/१२/२१**

सुदूरपश्चिम विश्वविद्यालय कार्यकारी परिषद्को निर्णय बमोजिम यस विश्वविद्यालयमा कार्यरत अनुमानित ७७५ जना शिक्षक कर्मचारीहरूको १० लाख बराबर रकम सिमाभित्र रही वार्षिक दुर्घटना, प्राकृतिक मृत्यु र औषधि उपचार समेतको जोखिम बहन गर्ने गरी बिमा गर्नुपर्ने भएकाले इच्छुक बिमा कम्पनीहरूलाई मिति २०८१/१२/२७ गते कार्यालय समयभित्र सेवासर्थ स्पष्ट खुल्नेगरी सुदूरपश्चिम विश्वविद्यालय केन्द्रीय कार्यालय महेन्द्रनगर, कञ्चनपुरमा देहाय अनुसारका कागजात सहित आशयपत्र पेस गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

**देहायः**

१ कम्पनी दर्ता र नविकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
२ आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

## रत्ननगर नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**रत्ननगर, चितवन**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८१/१२/२१ गते**

यस रत्ननगर नगरपालिका कार्यालयलबाट सम्पादन हुन गइरहेको विभिन्न सडक कालोपत्रे, बाटो ढलान, कल्भर्ट निर्माण तथा मर्मत र कालोपत्रे सडक ओभर ल्यापिङ्ग निर्माण कार्य Providing and Laying Bituminous / Asphalt Concrete RCC rigid pavement and Canal Lining at Ward No. 8, 10, 12, 13 14 and 16, (RAT / CHITWAN/works/NCB/29/2081-82) कार्य गर्न मिति २०८१।११।१२ मा प्रकाशित सूचनाका आधारमा पेश हुन आएका बोलपत्रहरूको प्राविधिक तथा आर्थिक प्रस्तावहरूको मुलयांकन गर्दा देहायका बोलपत्र सारभुत रूपमा प्रभावग्राही एवं न्युनतम् मूल्यांकित भई स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ (१) र दफा ४७ को उपदफा १ मा व्यवस्था भए बमोजिमको प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

| क्र. सं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (भ्याट र पि. एस. सहित) |
|---|---|---|---|
| १. | विभिन्न सडक कालोपत्रे, बाटो ढलान, कल्भर्ट निर्माण तथा मर्मत र कालोपत्रे सडक ओभर ल्यापिङ्ग निर्माण कार्य (Providing and Laying Bituminous/Asphalt Concrete, RCC rigid pavement and Canal Lining at Ward No. 8,10,13,13 13 and 16, (RAT/CHITWAN/Works/NCB/29/2081-82) | सम्राट बिल्डर्स, भरतपुर-१०, चितवन | रू.२३,३१,४०७।८३ (तेतिस लाख एकतीस हजार चार सय सात रूपैयाँ र पैसा त्रियासी मात्र ।) |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# शिक्षकबाटै आन्दोलनको शिक्षा

संसद्को हिउँदे अधिवेशन सुरु हुँदा सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमालेको सरकारको दाबी थियो– यो अधिवेशन विधेयक अधिवेशनको रूपमा अघि बढ्छ । तर यो अधिवेशन यसरी बित्यो कि कहिले राजावादीको आन्दोलनबारे बकवास त कहिले कुलमान घिसिङलाई नेपाल विद्युत् प्राधिकरणबाट हटाएको विषयमा प्रश्न सोध्दै । धन्न सरकारले आफ्नो नाक जोगाउन अध्यादेश पारित गराइ छाड्यो । ६१ दिने हिउँदे अधिवेशन जम्मा २५ दिन चलेर मंगलबार अन्त्य भयो । यो अवधिमा जम्मा नौ विधेयकमात्र पारित भएर आयो । १३ विधेयक भने सदनमै अलपत्र । यही अलपत्र परेकामध्ये एउटा विधेयक हो शिक्षा विधेयक । यही विधेयकका कारण अहिले देशभरका शिक्षकहरू 'आन्दोलन भाग–२' भन्दै काठमाडौं ओइरिएका छन् ।

यसअघि शिक्षकहरू गत ३ असोज २०८० मा आन्दोलनमा उत्रिएका थिए । ५ असोजमा छ बुँदे सहमति भएपछि उक्त आन्दोलन रोकिएको थियो । उक्त सहमतिअनुसार ऐन जारी नभएपछि आफूहरू पुनः आन्दोलनमा उत्रिएको उनीहरूको दाबी छ । पेसा प्रवेश उमेर ४० वर्ष र अभिभावकको नेतृत्वमा विद्यालय व्यवस्थापन समिति बनाउन, शिक्षकको राष्ट्रिय मर्यादाक्रमको व्यवस्था गर्नुपर्ने, ट्रेड युनियन अधिकारको संरक्षण गर्नेगरी ऐन बनाउनुपर्नेलगायतका माग शिक्षकको छ ।

राहत, साविक उच्च मावि, शिक्षण सिकाइ अनुदान, प्राविधिक धार तथा विशेष शिक्षाका शिक्षकको कोटालाई स्वीकृत दरबन्दीमा परिणत गरी उमेरको हद नलगाई स्थायी गर्ने र स्थायी हुन नसक्नेको हकमा गोल्डेन हेन्डसेकको व्यवस्था गर्नुपर्ने माग शिक्षकहरूको छ । बाल विकास शिक्षालाई विद्यालयभित्र ल्याउनुपर्ने र शिक्षक बढुवामा चार श्रेणीको व्यवस्था गरी हरेक १० वर्षमा बढुवा हुने माग पनि शिक्षकहरूले राखेका छन् ।

शिक्षकको विभागीय कारबाही अधिकार जिल्ला, प्रदेश र संघका कार्यालयमा विभाजन गर्नुपर्ने माग उनीहरूको छ । संसद्को हिउँदे अधिवेशन अन्त्य भएकोले अहिले भर्खरै शिक्षकको माग पूरा हुने अवस्था पनि छैन । शिक्षकको आन्दोलनलाई व्यर्थको भन्दै अभिव्यक्ति दिएका प्रधानमन्त्री केपी शर्मा ओली अहिले थाइल्याण्ड पुगेका छन् । शिक्षामन्त्री विद्या भट्टराईको कुनै पनि निर्णय शिक्षकहरूले पत्याउने देखिन्न । यस्तो अवस्थामा शिक्षकहरूले अध्यादेशको माग गरिरहेका छन् । सरकारले हालै ल्याएका पाँच अध्यादेशको उदाहरण दिँदै उनीहरूले शिक्षकको माग अध्यादेशबाट पूरा गर्न मागिरहेका छन् । के यसरी सरकारलाई अध्यादेश ल्याउन शिक्षकले उक्साउन मिल्छ त ? अर्को कुरा यो विद्यार्थीको नतिजा, उत्तरपुस्तिका परीक्षण र भर्ना अभियानको समय हो । यसरी काठमाडौंमै उत्रेर सडक ठप्प पार्ने शिक्षा शिक्षकबाट सिकाउँदा के सन्देश जाला ?

**श्रम सरोकार**

## विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरु

- वैदेशिक रोजगारीवाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ । आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ । आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ । यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ ।

### वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमाः

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने ।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने ।
- कृषि फार्म (जस्तैः बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालन लगायत) मा लगानी गरी आय आर्जन बढाउने ।
- बेमौसमी तरकारीखेती गरी आय आर्जन बढाउने ।
- सिलाइ, बुटिक, पार्लर, पोतेका सामग्री बनाउने, खेलौना बनाउनेजस्ता काम पनि गर्न सकिन्छ ।

# आर्यघाटमा पुगिसकेको राजसंस्था फर्काउनु असम्भव



■ पूर्णबहादुर घर्ती

> संघीयता कार्यान्वयन गर्नका लागि केही अपुग भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयन गर्ने सवालमा हामी दलहरूको केही कमीकमजोरी भएका छन् । त्यसको अर्थ राजसंस्था भन्ने होइन । अब यही संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुधार्नुको विकल्प छैन । गणतन्त्रको विकल्प भनेको सुदृढ गणतन्त्र हो । कार्यान्वयनको सवालमा राजनीतिक दलहरूबीच सहमति हुनसकेको छैन । सरकारप्रति जनताको आक्रोश, आलोचना र अपेक्षा पनि छन् । थुप्रै आशाहरू पनि छन् । तर जनताले गणतन्त्रको विकल्प राजसंस्था भनेका छैनन् ।

दश वर्षको जनयुद्ध, २०६२/६३ को जनआन्दोलन, मधेस आन्दोलन र विभिन्न जातीय र क्षेत्रीय आन्दोलनबाट प्राप्त उपलब्धि भनेको संविधान र संघीय लोकतान्त्रिक गणतन्त्र हो । यसको कार्यान्वयनको सवालमा अघिल्लो पाँच वर्षमा पनि हामीले राजनीतिक संघीयता स्थापित गरियो । तर प्रशासनिक संघीयता, वित्तीय संघीयताको कार्यान्वयन अहिले पनि प्रभावकारी ढंगबाट हुनसकेको छैन । राजनीतिक दल र संसद् जति जनताप्रति उत्तरदायी हुनुपर्ने हो, त्यति भएको देखिँदैन । पटक-पटक सरकार परिवर्तन हुने कुराले पनि संसदीय गतिविधिलाई कमजोर बनाएको छ ।

केन्द्रीय नेतृत्वमा रहेका दलहरूको फितलो भूमिकाका कारण पनि संघीयताप्रतिको जवाफदेहिता कमजोर भयो भन्ने लागेको छ । जसको कारण संघीय लोकतान्त्रिक गणतन्त्रविरुद्धको शक्ति सल्बलाउन थालेको छ । प्रतिनिधिसभा आफैंमा कानुन निर्माण गर्ने थलो हो । तर दलका नेता र सांसदहरू कानुन निर्माण प्रक्रियामा कम, सत्ता फेरबदलमा बढी लागेको देखिन्छ । संसद्मा सत्तापक्ष र प्रतिपक्ष दलको दोहोरी धेरै चलेको छ । त्यसैले संघीय प्रणाली कमजोर बनाउने काम दलहरूले नै गर्दै आएको देखिन्छ । यद्यपि शिक्षा, स्वास्थ्य र रोजगारीलगायत जनताका समसामयिक सवाल संसद्मा उठिरहेको छ । तर सरकारले कार्यान्वयन गरेको अवस्था छैन । जनताप्रति सरकारको जवाफदेहिता देखिएको छैन ।

### संविधान कार्यान्वयन र संशोधन

हामी राजनीतिक दलहरूले राजनीतिक संघीयता स्थापित गरियो । व्यवस्थालाई परिवर्तन पनि गरियो । आन्दोलनको उपलब्धि पनि हो । एउटा ठूलो परिवर्तन पनि हो । तर यसलाई जनतामा स्थापित गर्न सकेका छैनौं । जनतामा राखिएका प्रतिबद्धता पूरा हुनसकेको छैन । अहिले पनि पालिका र वडाहरूमा कर्मचारीको अभाव छ । प्रहरी समायोजन ऐन अहिले पनि आउनसकेको छैन । निजामती कर्मचारी ऐन छलफलमै सीमित छ । शिक्षा ऐन पनि छलफलमै सीमित छ । त्यसैले संविधान कार्यान्वयन पूर्णरूपमा हुनसकेको छैन । संविधान आफैंमा अपरिवर्तित कुनै धर्मग्रन्थ होइन । संविधान राष्ट्र र जनताको आवश्यकतानुसार संशोधन गर्न सकिने विषय हो । सैद्धान्तिकरूपमा संविधान संशोधन गर्ने भन्ने नै हो । वर्तमान सरकार गठनका क्रममा भएको सहमतिको पहिलो बुँदा नै संविधान संशोधन गर्ने भन्ने छ । तर कुन विषयमा संशोधन गर्ने भन्ने विषय प्रस्ट आउन सकेको छैन । पहिला कुन धारामा संशोधन गर्ने भन्ने विषयमा प्रस्ट हुनुपर्छ । यो विषयमा सरकारको अहिले पनि प्रस्ट धारणा छैन । त्यसैले हाम्रो पार्टीको कुरा भनेको पहिला संशोधन गर्ने विषयमा प्रस्ट हुनुपर्छ भन्ने हो । हामीले प्रशासकीय स्वरूप, निर्वाचन प्रणाली र पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा संविधान संशोधन गर्नुपर्छ भन्दै आएका छौं । अहिलेको निर्वाचन प्रणाली अत्यन्त महँगो छ । यसलाई संशोधन गरेर सामान्य मानिसले पनि चुनाव लड्न सक्ने खालको बनाउनुपर्छ । अर्को अस्थिर सरकारले पनि विकासमा प्रभाव पारेको छ । त्यसैले प्रत्यक्ष निर्वाचित राष्ट्रपति र प्रधानमन्त्री हुनुपर्छ भन्ने हाम्रो मान्यता हो । यसो गर्दा जुन पार्टीको सरकार भए पनि पाँच वर्ष ढुक्क हुन्छ । सरकार नौ-नौ महिना परिवर्तन गर्नु पर्दैन । सरकारले पनि ढुक्कका साथ काम गर्न पाउँछ । देशमा पनि स्थिरता हुन्छ । सरकार संविधान संशोधन गर्नेभन्दा पनि संविधानलाई मिचेर अगाडि बढेको देखिन्छ । सरकारले संविधानको कमीकमजोरी सच्याएर अगाडि जाने विषयमा गम्भीर भएर सोच्नुपर्छ ।

### संघीयता सुदृढीकरणका लागि सुझाव

संघीयतालाई अझै सुदृढ र बलियो बनाउनका लागि प्रदेश सरकारलाई आवश्यक कानुन जतिसक्दो चाँडो बनाउनुपर्छ । संविधान जारी भएको नौ वर्ष हुँदा पनि हामीले स्थानीय र प्रदेश सरकारलाई आवश्यक पर्ने कानुन बनाउन सकेका छैनौं । कर्मचारी समायोजनसम्बन्धी कानुन बन्न सकेको छैन । त्यसलाई छिटोभन्दा छिटो बनाउनुपर्ने छ । प्रदेश सरकारले निजामती ऐन पारित गरे पनि संघीय निजामती ऐन नभएका कारण प्रदेश सरकारलाई काम गर्न समस्या भइरहेको छ । प्रहरी ऐन प्रदेश सरकारले पारित गरिसकेका छन् । तर संघीय प्रहरी ऐन बन्न नसक्दा प्रदेश सरकारलाई काम गर्न जटिलता भएको छ । शिक्षा ऐन पनि आउन सकेको छैन । यो अहिले पनि विचाराधीन अवस्थामा छलफलमै छ । यी विभिन्न ऐनका कारण गर्दा संघीयता कमजोर देखिएको छ ।

अर्को भनेको विकासका कामहरू संघीय सरकारले राख्नुपर्ने आवश्यक छैन । विकासका काम प्रदेश र स्थानीय सरकारलाई दिए हुन्छ । जनताको सबैभन्दा नजिकको सरकार भनेको स्थानीय सरकार हो । त्यसपछि प्रदेश हो । विकासका सबै काम स्थानीय सरकारसँग जोडिएको हुन्छ । त्यसैले प्रदेश र स्थानीय सरकारलाई अधिकारसम्पन्न बनाउनुपर्छ । संविधान संशोधन गरेर संघीय र प्रदेश सरकारको मन्त्रिपरिषद्को संख्या पनि घटाउनुपर्छ ।

### व्यवस्था परिवर्तनबारे उठेका सवाल

राजसंस्था आर्यघाटमा पुगिसकेको छ । यद्यपि आर्यघाटमा पुगे पनि त्यसका मलामीहरू बाँकी छन् । तर इतिहास कहिल्यै पनि पछाडि फर्किएको थाहा छैन । इतिहास अगाडि नै बढेको छ । संघीयता कार्यान्वयन गर्नका लागि केही अपुग भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयन गर्ने सवालमा हामी दलहरूको केही कमीकमजोरी भएका छन् । त्यसको अर्थ राजसंस्था भन्ने होइन । अब यही संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुधार्नुको विकल्प छैन । गणतन्त्रको विकल्प भनेको सुदृढ गणतन्त्र हो । कार्यान्वयनको सवालमा राजनीतिक दलहरूबीच सहमति हुनसकेको छैन । सरकारप्रति जनताको आक्रोश, आलोचना र अपेक्षा पनि छन् । थुप्रै आशाहरू पनि छन् । तर जनताले गणतन्त्रको विकल्प राजसंस्था भनेका छैनन् । मेरो बितिसकेको हजुरबुबालाई फर्काउँछु भन्नु र गइसकेको राजतन्त्र फर्काउँछु भन्नु उस्तै हो । यद्यपि राजसंस्थाप्रति आस्था राख्न पाइन्छ । त्यो उहाँहरूको इच्छाको कुरा हो । तर अहिले राजतन्त्र फर्किने अवस्था छैन ।

राजतन्त्रवादीहरूले सडकमा नारा लगाउँदै गर्दा, राजतन्त्रको पक्षमा समर्थन बटुल्दै गर्दा, अहिलेको लोकतान्त्रिक प्रणालीको विरोध गर्देगर्दा लोकतन्त्र वा संघीयतामा खतरा पैदा भयो भन्ने होइन । मैले त्यो खतरा देखेको छैन । बरु यसको पूर्णकार्यान्वयन हुने सवालमा दलहरू सक्रिय नभएको देखिन्छ । सरकार र सत्तारुढ दलको प्रवृत्तिका कारण जनताको असन्तुष्टि सडकमा पोखिएको मात्रै हो । त्यसप्रति सरकार गम्भीर हुन जरुरी छ ।

### सुशासनको निम्ति सरकारलाई सुझाव

सुशासनको निम्ति सरकारले भ्रष्टाचार गर्दिनँ र हुन पनि दिन्न भनेको छ । त्यसलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्नुपर्छ । सबै भ्रष्टाचारीलाई कानुनबमोजिम कडा कारबाही गर्नुपर्छ । राजनीतिक दलले आफ्ना नेता वा कार्यकर्ता भनेर बचाउ गर्न मिल्दैन । कानुनको नजरमा भ्रष्टाचारी भ्रष्टाचारी नै हो । सरकारले सुशासन कायम गर्नेभन्दा पनि उत्कृष्ट काम गर्ने नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाउने काम गरेको छ । उज्यालो नेपालका अभियन्ता घिसिङलाई हटाएर सरकारले गलत गरेको छ । चार महिनापछि स्वतः अवकाश हुने घिसिङलाई सरकारले पूर्वाग्रही ढंगले हटाउनु आपत्तिजनक छ ।

### रोजगारी सिर्जना र युवा पलायन रोक्ने सवाल

युवा पलायन अहिलेको समस्या होइन । पहिलेदेखि नै युवा विदेसिने क्रमः थियो । यद्यपि अहिले यो संख्या बढ्दै गएको छ । अहिले सूचना, सञ्चार र प्रविधिको विकाससँगै युवाहरू अध्ययनको सिलसिलामा विदेश जानु सामान्य पनि हो । अब विदेशी युवा शिक्षाका लागि नेपालमा आउने गरी शिक्षा प्रणाली परिवर्तन गर्नुपर्छ । अर्को कुरा, रोजगारीका निम्ति विदेश जाने युवालाई रोक्न सरकारले देशमा उद्योग/कलकारखाना सञ्चालन गर्नुपर्छ । यसमा राज्य सञ्चालकहरूको तत्परताको जरुरी हुन्छ । हामीले व्यवस्था परिवर्तनमात्र गर्‍यौं । जनताको अवस्था परिवर्तन गर्न सकेका छैनौं । हामीले भएको परिवर्तन पनि जनतालाई सही ढंगबाट बुझाउन सकेनौं कि भन्ने लाग्छ । नयाँ पुस्ताको आकांक्षा सरकारले पूरा गर्न सकेको छैन । हामीले देशकै स्रोत/साधनबाट रोजगारी सिर्जना गर्न सक्छौं । तर त्यसका लागि सरकार गम्भीर हुन जरुरी हुन्छ ।

अब हाम्रो पार्टी गम्भीरतापूर्वक सुशासन र समृद्धिको पक्षमा लाग्ने छ । सामाजिक न्यायको पक्षमा लड्ने छ । सामाजिक न्यायका पक्षमा लडिरहने छ । हाम्रो पार्टी सरकारमा हुँदा पनि र नहुँदा पनि जनताको पक्षमा संघर्ष गर्ने छ । जनताको अवस्था सुधार्नका निम्ति लाग्ने पार्टीको योजना छ । देशमा भएका विकृति र विसंगतिका विरुद्ध अझै सक्रियताका साथ लाग्ने छ । अर्को, देशमा समाजवाद ल्याउनका लागि पनि पार्टी लागिरहेको छ । हाम्रो पार्टीले संघीयतालाई अझै बलियो बनाउन आवश्यक कानुन निर्माणका निम्ति सक्रियता बढाउने छ ।

*(प्रतिनिधिसभा सदस्य तथा नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य घर्तीसँग राससले गरेको कुराकानीमा आधारित)*

# समाजको ऐना पत्रकारका पीडा र वास्तविकता



■ रमेशकुमार बोहोरा

> पत्रकारले धेरैका आवाज उठाउँछ, तर उसको आफ्नै आवाज सुनिँदैन । न त उसको सुरक्षाको ग्यारेण्टी हुन्छ, न त जीवन बिमा । 'बिमा' भन्नु कुन चरीको नाम हो, थाहा छैन । 'सुरक्षा' शब्द त केवल सरकारी नाराजस्तो लाग्छ । घरपरिवारको भविष्यको योजना बनाउँदा पनि अल्मलिन्छ, किनभने स्थायित्व भन्ने चिज यो पेसामा विरलै भेटिन्छ ।

पत्रकारिता पेसा नाममात्रै ठूलो, गरिमा देख्दा लोभलाग्दो तर भित्री कथा सुन्दा रुँदै निदाउनुपर्ने । बाहिरबाट हेर्दा आकर्षक, समाज परिवर्तनको संवाहक देखिने यो पेसा भित्र पस्दामात्र वास्तविकता थाहा हुन्छ । समाजका ठूलाबडाका गफ सुन्ने, नीति निर्माताको निर्णयको समीक्षा गर्ने, सडकदेखि संसद्सम्म आवाज उठाउने तर आफ्नै आवाज सुनाउने कोही नभएको जीवन हो पत्रकारको ।

बिहान घाम झुल्किनुअघि नै काम सुरु हुने, रात परेपछि मात्र घर फर्किने । न घरको मेलो, न आरामको समय । एउटा समाचार सकाएर दोस्रो सुरु गर्नुअघि सास फेर्न पनि मुस्किल पर्ने । पत्रकारको दिनचर्या अजब गजबको हुन्छ । बिहान उठ्नेबित्तिकै फोन घनघनाउँछ । 'आजको मुख्य खबर के होला ?' यो प्रश्नको उत्तर खोज्नै पर्छ । इन्टरनेट खोतल्नुपर्छ, स्रोतसँग कुरा गर्नुपर्छ, सडकमा निस्किनुपर्छ । पत्रकार सम्मेलनमा जानुपर्छ, आन्दोलनको भीडमा हराउनुपर्छ ।

हिजो सरकारको बचाउ गर्‍यो भने आज विरोधमा बोल्नुपर्छ । निष्पक्षताको धागोमा हिँड्नुपर्छ । कोही रिसाउँछन्, कोही धम्क्याउँछन् । कहिलेकाहीँ आफ्नै सहकर्मीले गाली गर्छन्, 'तँ सत्ताको दलाल भएछस !' पत्रकारले धेरैका आवाज उठाउँछ, तर उसको आफ्नै आवाज सुनिँदैन । न त उसको सुरक्षाको ग्यारेण्टी हुन्छ, न त जीवन बिमा । 'बिमा' भन्नु कुन चरीको नाम हो, थाहा छैन । 'सुरक्षा' शब्द त केवल सरकारी नाराजस्तो लाग्छ । घरपरिवारको भविष्यको योजना बनाउँदा पनि अल्मलिन्छ, किनभने स्थायित्व भन्ने चिज यो पेसामा विरलै भेटिन्छ ।

खोज पत्रकारिता गर्नेले सधैं जोखिम उठाउनुपर्छ । शक्तिशाली अपराधीहरू, भ्रष्ट अधिकारीहरू, माफियाहरूको पोल खोल्ने हिम्मत गर्दा ऊ आफैं खतरा मोलेर हिँड्नुपर्छ । कहिले धम्की आउँछ, कहिले अनौठो दुर्घटना हुन्छ । कतिपय पत्रकार त हराएरै जान्छन् । आर्थिक अवस्था झन् बेहाल । नाम चलेका केहीबाहेक धेरै पत्रकारको तलब सामान्य कर्मचारीको जतिकै हुन्छ । कहिले समयमै तलब आउँछ, कहिले आउँदैन । 'प्रेस कार्ड' देखाएर चियाको चुस्की पिउने होटलकै साहुजीले पनि पैसा तिर्न दबाब दिन्छ ।

दैनिक खर्चको हिसाब गर्न नसक्ने अवस्थामा पुग्छ कतिपय पत्रकार । दिनभरि भोकभोकै हिँडेर रिपोर्टिङ गर्ने, राति फर्केर चाउचाउको झोल खाएर निदाउने अवस्था । महिनाको अन्त्यमा दुई पैसा बचत होला भनेर दूध तताउने प्रयास गर्छ, तर बैंक खाताले कहिल्यै साथ दिँदैन । यो पेसामा बस्नेहरूले उत्साहका साथ काम गर्छन् । समाज परिवर्तनको सपना देख्छन् । जनताका मुद्दा उठाउँछन् । सरकारलाई कठघरामा उभ्याउँछन् । तर जब आफ्नो व्यक्तिगत जीवन हेर्छन्, लाग्छ- वसन्त ऋतु त हेर्नकै लागिमात्रै रहेछ !

### हिजो र आजको पत्रकारिता

हिजोको पत्रकारिता छापा माध्यममा आधारित थियो । अखबार, रेडियो, टेलिभिजनजस्ता पारम्परिक सञ्चारमाध्यमहरू नै सूचनाको प्रमुख स्रोत थिए । खोज पत्रकारिता प्रवल थियो, समाचार तयार पार्न समय लाग्थ्यो, सत्यतथ्य पुष्टि गर्न गहिराइमा अध्ययन गरिन्थ्यो । समाचार लेख्दा नैतिकता, वस्तुनिष्ठता र तथ्यपरकता अत्यावश्यक मानिन्थ्यो ।

आजको पत्रकारिता डिजिटल युगमा प्रवेश गरेको छ । समाचारको गति तीव्र भएको छ, तर सत्यता गुम्ने खतरा पनि बढेको छ । अनलाइन पोर्टल, सामाजिक सञ्जाल र युटचुब च्यानलहरूले पत्रकारिताको रूप बदलिदिएको छ । तत्काल प्रतिक्रिया दिने दबाबका कारण तथ्य जाँच्न नपुग्ने समस्या देखिन्छ । पत्रकारमात्र होइन, सामाजिक सञ्जालका प्रयोगकर्ताहरू नै समाचार स्रोत बन्न पुगेका छन् ।

हिजो पत्रकारिता निष्पक्षताको नजिक थियो, तर आज व्यापारमुखी बनेको छ । विज्ञापनदाताको प्रभाव बढ्दै गएको छ । सम्पादकीय स्वतन्त्रता संकुचित भइरहेको छ । कतिपय सञ्चारमाध्यमहरू निश्चित राजनीतिक गुट वा व्यावसायिक समूहको स्वार्थअनुरूप सञ्चालन भइरहेका छन् । तर, प्रविधिले पत्रकारितालाई सहज पनि बनाएको छ । सूचना तत्काल फैलाउन सकिन्छ, दूरदराजका घटनाहरू पनि छिट्टै सार्वजनिक गर्न सकिन्छ । नागरिक पत्रकारिता फस्टाएको छ । हिजोको भन्दा आजको पत्रकारिता चुनौतीपूर्ण छ, तर अवसर पनि उत्तिकै छ । पत्रकार हरूले सत्यता, विश्वसनीयता र निष्ठालाई कायम राखेमात्र पत्रकारिताको गरिमा जोगिन सक्छ ।

### अबको बाटो

अबको पत्रकारिता गुणस्तरीय, सत्यपरक र जनउत्तरदायी हुनुपर्छ । पत्रकारहरूले सत्यतथ्य पुष्टि गर्ने अभ्यासलाई प्राथमिकता दिनुपर्छ । 'छिटोभन्दा सही' भन्ने मानसिकता विकास गर्नुपर्छ । खोज पत्रकारितालाई प्रविधिसँग मिलाएर अझ प्रभावकारी बनाउन आवश्यक छ । स्वतन्त्र पत्रकारिता जोगाउन सम्पादकीय स्वतन्त्रता कायम राख्नुपर्ने हुन्छ । सञ्चारमाध्यमहरू आर्थिकरूपमा आत्मनिर्भर हुन सक्ने संरचना तयार पार्नुपर्छ, जसले गर्दा विज्ञापनदाताको प्रभाव कम होस् ।

नागरिक पत्रकारिताको विस्तारलाई सही ढंगले परिचालित गर्नुपर्छ । कुनै पनि समाचार सामाजिक सञ्जालमा छरिनुअघि त्यसको सत्यता जाँच गर्ने संस्कार विकास गर्नुपर्छ । पत्रकारहरूको पेसागत सुरक्षाको व्यवस्था राज्य र सञ्चार संस्थाले गर्नुपर्छ । जीवन बिमा, स्वास्थ्य बिमाजस्ता सुविधाहरू उपलब्ध गराइने वातावरण बनाउन जरुरी छ ।

सबैभन्दा महत्त्वपूर्ण कुरा पत्रकारिताले निष्पक्षता, सत्यता र समाजप्रतिको उत्तरदायित्वलाई केन्द्रमा राख्नुपर्छ । पत्रकारिता व्यापारमात्र होइन, समाज सेवा पनि हो भन्ने दृष्टिकोण राख्नुपर्छ । यतिमात्र गर्न सकियो भने पत्रकारिताले आफ्नो गौरवशाली इतिहासलाई निरन्तरता दिँदै भविष्यमा अझ प्रभावकारी भूमिका खेल्न सक्छ ।

*(लेखक अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुन्)*

# बागमती प्रदेशसभाको चालु अधिवेशन अन्त्य

## प्रदेश सरकार गैरजिम्मेवार बनेको प्रतिपक्षी दलहरूको आरोप

**बागमती (प्रस)–** बागमती प्रदेशसभाको चालु १५औं अधिवेशन बुधबार रातिदेखि अन्त्य गरिएको छ । बुधबार दिउँसो १ बजेका लागि आह्वान गरिएको प्रदेशसभाको बैठक नबस्दै प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले बुधबार राति १२ बजेदेखि लागू हुनेगरी प्रदेशसभाको चालु अधिवेशन अन्त्य गरेका हुन् ।

यसअघि प्रतिपक्ष दलहरूले बजेट बाँडफाँटमा सन्तुलन कायम गर्नुपर्नेसहितका माग राख्दै आएकाले बैठक सञ्चालन हुन सकेको थिएन । प्रदेश सरकार मन्त्रिपरिषद्को बुधबार बिहान बसेको बैठकले चालु अधिवेशन अन्त्यका लागि प्रदेश प्रमुखलाई सिफारिस गर्ने निर्णय गरेको थियो ।

प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुखले चालु अधिवेशन अन्त्य गरिएको सूचना प्रदेशसभा सचिवालयलाई पठाएपछि प्रदेशसभाको बुधबारका लागि आह्वान गरिएको बैठक स्थगित गरिएको सभामुख भुवनकुमार पाठकले जानकारी दिए । प्रदेशसभाको बैठक सञ्चालनका लागि सभामुख पाठकको पहलमा मंगलबार दिनभर भएको सरकार पक्ष र प्रतिपक्ष दलबीचको छलफलबाट कुनै निष्कर्ष आउन नसकेपछि प्रदेशसभाको बैठक बुधबार दिउँसो १ बजे बस्ने र त्यसअघि दलहरूबीचको संयुक्त छलफललाई आज पुनः निरन्तरता दिई सहमति कायम गर्ने सैद्धान्तिक सहमति भएको थियो ।

सत्तापक्ष र प्रतिपक्ष दलहरूबीच सहमति हुन नसकेपछि प्रदेश सरकारले चालु अधिवेशन अन्त्य गर्ने निर्णय गरेको बागमती प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिए । प्रतिपक्ष दलहरूको अडानका कारण प्रदेशसभाको बैठक अन्योलमा परेकाले चालु अधिवेशन अन्त्य गरी आगामी आर्थिक वर्षको नीति कार्यक्रम तथा बजेटमा केन्द्रित हुने सरकारले निर्णय लिएको उनले बताए ।

यसैबीच, प्रतिपक्ष दलहरूले प्रदेश सरकारले हठात्मा चालु अधिवेशन अन्त्य गरी गैरजिम्मेवार ढंगबाट प्रस्तुत भएको भन्दै असन्तुष्टि जनाएका छन् । प्रमुख प्रतिपक्ष दल नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले बुधबार पत्रकार सम्मेलन गरी प्रदेश सरकारले गरेको निर्णयप्रति असन्तुष्टि व्यक्त गरेका हुन् ।

प्रदेशसभाको चालु अधिवेशन अन्त्य गर्ने प्रदेश सरकारको निर्णयले यथाशीघ्र हुने वर्षे अधिवेशनलाई प्रभावित पार्ने बताउँदै नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक रत्नप्रसाद ढकालले दलहरूबीच वार्ता, सहमति र सहकार्य कायम गरेर अघि बढ्न सरकारसँग माग गरे ।

# बेनीमा चक्रपथ स्तरोन्नति सुरु

**म्याग्दी–** जिल्ला सदरमुकाम बेनी बजारमा चक्रपथ स्तरोन्नति योजना सुरु भएको छ । बेनी नगरपालिका-८ कालीपुलदेखि वडा नम्बर ७ मा रहेको दरवाङ बसपार्क जोड्ने कालीगण्डकी र म्याग्दी नदी किनारको सडक स्तरोन्नति गर्न थालिएको हो ।

सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालय बागलुङसँग तीन करोड १९ लाख रूपैयाँमा ठेक्का सम्झौता गरेको विकेश-दुप्चेश्वर-सुभम जेभीले पहिलो चरणमा नाली निर्माणको काम थालेको छ । योजनामार्फत ९०० मिटर सडकको कुनातर्फ टेवा पर्खाल, नाली, डिलमा रेलिङ निर्माण गरी पाँचदेखि छ मिटर चौडाइका दरले ढलान गरिने आयोजना कार्यालयका इञ्जिनियर वीरवल सुनारले जानकारी दिए ।

बेनी बजारलाई कालीगण्डकी र म्याग्दी नदीको कटान नियन्त्रणका लागि निर्माण भएको पक्कि पर्खाल पछाडिको भागमा माटो फिलिङ गरेर बनाइएको सडकलाई स्तरोन्नति गर्न लागिएको हो । नेपाल सरकारले अगाडि बढाएको १० वटा नमूना नगरपालिका कार्यक्रमअन्तर्गत नगरपालिकाले बेनी चक्रपथ स्तरोन्नति योजना प्रस्ताव गरेअनुसार बजेट विनियोजन भएर योजना अघि बढेको नगरप्रमुख सुरत केसीले बताए ।

'चक्रपथ स्तरोन्नति भएपछि ठूला सवारीसाधनलाई चक्रपथबाट आवतजावत गर्न सहज हुने छ,' उनले भने, 'हाल चक्रपथबाट उडेको धुलो बजारमा आएर प्रदूषण हुने समस्या पनि स्तरोन्नति भएपछि समाधान हुने छ ।' बेनी बजारभित्रको सडकमा सवारी चाप घटाउनका लागि चक्रपथबाट मालबाहक र बजारभित्र रोक्नु नपर्ने सवारीसाधनलाई सञ्चालनको व्यवस्था मिलाइएको छ ।

चक्रपथ स्तरोन्नति निर्माण सम्पन्न भएपछि सडक छेउछाउमा फूल रोप्ने र विद्युतीकरण गरेर सौन्दर्यकरण गर्ने योजना रहेको बेनी-८ का वडाध्यक्ष उत्तमकुमार कर्माचार्यले बताए । तीन वर्षे योजनाअन्तर्गत आर्थिक वर्ष २०८२/८३ का लागि दरवाङ बसपार्क ढलान र २०८३/८४ मा उक्त बसपार्कमा टर्मिनल भवन निर्माण गर्न सहरी विकास मन्त्रालयलाई प्रस्ताव गरिएको छ । प्रयाप्त मजदुर र उपकरण परिचालन गरेर निर्धारित समयभित्र नै योजना सम्पन्न गरिने निर्माण कम्पनीका प्रतिनिधि सुवासचन्द्र कार्कीले बताए । *रासस*

# काभ्रेको छ नगरमा नसर्ने रोग नियन्त्रण कार्यक्रम

**काभ्रेपलाञ्चोक (प्रस)–** यहाँका छ नगरपालिकामा नसर्ने रोग नियन्त्रण कार्यक्रम सुरु गरिएको छ । सहरी क्षेत्रको जीवनशैली, रहनसहन तथा खानपानलगायतका कारण नसर्ने रोगको जोखिम बढेको जनाउँदै जिल्लास्थित जनस्वास्थ्य कार्यालयमार्फत छ नगरमा उक्त कार्यक्रम लागू गरिएको हो ।

कार्यालयले संघीय सरकारको विशेष अनुदानमा धुलिखेल, बनेपा, पनौती, पाँचखाल, नमोबुद्ध र मण्डनदेउपुरमा कार्यक्रम लागू गरिएको जनाएको छ । कार्यक्रमअन्तर्गत स्वास्थ्य प्रवर्द्धनार्थ व्यायामशाला निर्माण, परामर्श कक्ष व्यवस्थापन, समुदायमा आधारित स्वास्थ्य परीक्षण, मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रमअन्तर्गत महिला स्वास्थ्य स्वयंसेविकालाई मानसिक स्वास्थ्यसम्बन्धी अभिमुखीकरण, प्रयोगशाला सबलीकरणलगायतका कार्यक्रम ती स्थानीय तहसँग सहकार्य गरी सञ्चालन गरिने कार्यालय प्रमुख रागिश्री कक्षपति श्रेष्ठले जानकारी दिए ।

श्रेष्ठका अनुसार मुटुरोग तथा नसर्ने रोग मृत्युको प्रमुख कारणमध्ये हुन् । कार्यालयले नसर्ने रोग न्यूनीकरणका लागि सहरी स्वास्थ्य कार्यक्रमबारे जानकारी गराउने उद्देश्यले ती स्थानीय तहमा जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मी,




सञ्चारकर्मीलगायतका सरोकारवालाको सहभागितामा अभिमुखीकरण सञ्चालन गरिरहेको छ ।

यसअघि कार्यालयले गत फागुनमा समुदायमा आधारित स्वास्थ्य परीक्षणअन्तर्गत नसर्ने रोगको जोखिमबारे पत्ता लगाउन काभ्रेपलाञ्चोकका १३ स्थानीय तहमा स्वास्थ्य परीक्षण एक महिने 'स्क्रिनिङ' अभियान सञ्चालन गरिसकेको छ । अभियानमा उक्त उमेर समूहमा बिएमआई (बडी मास इन्डेक्स), उच्च रक्तचाप, मधुमेह तथा मिर्गौलाको परीक्षण गरिएको थियो भने स्वास्थ्य परीक्षणपश्चात् नसर्ने रोगको पहिचान भएकालाई परामर्श गरिएको थियो ।

# दुर्गम गाउँमा मोतियाविन्दुको निःशुल्क शल्यक्रिया

**धुलिखेल–** काभ्रेपलाञ्चोकको विकट डाँडापारिस्थित खानीखोला गाउँपालिका-३ बांगेका ८२ वर्षीय चक्रबहादुर थिङले करिब दुई दशकपछि आँखा देख्न पाएकामा खुसी व्यक्त गरे । एउटा आँखाले अलिअलिमात्रै देखेको र अर्को आँखाले नजिकै पनि केही नदेख्ने अवस्था रहेकामा मंगलबार बनेपास्थित रेयुकाई एईको मासुनागा आँखा अस्पतालमा शल्यक्रिया भएपछि आँखा देख्न थालेको उनले बताए ।



थिङलाई गाउँमा नै संस्थाको आयोजनामा सञ्चालन गरेको आँखा शिविरबाट परीक्षण गर्ने मौका पाएपछि त्यहीबाट शल्यक्रिय गर्नका लागि बनेपासम्म आउने व्यवस्था गरिएको थियो । 'अब दुवै आँखाले देख्न सकिनेमा ढुक्क छु,' उनले खुसी हुँदै भने ।

खानीखोला-२ फलामेटारका ७२ वर्षीय चन्द्रमान गोलेले शल्यक्रियापछि आँखा देख्न थालेका छन् । यसअघि दुवै आँखाले प्रस्ट देख्न नसक्ने उनले कहीँकतै पनि आँखाको उपचार गराएको थिएन । गाउँमा नै सञ्चालन भएको आँखा शिविरबाट परीक्षणपछि निःशुल्क उपचार सेवा पाएको उनले बताए । गोलेको दुवै आँखाको शल्यक्रिया गरिएको छ ।

सिन्धुलीको हरिहरपुरगढी गाउँपालिकाका शिवलाल घिसिङ मधुरो देख्ने, चिलाउने, दुख्नेजस्ता समस्या भोगिरहेको बेला शिविरमा गएपछि उनको आँखाको शल्यक्रिया गरिएको छ । तालढुंगामा सञ्चालन भएको शिविर नजिकै परेका कारण छिमेकी जिल्लाका नागरिक पनि सेवा लिन आएका थिए ।

खानीखोला-५ का नानीमाया ब्लोन, बिबीमाया गोले र लालमाया सिङ्तानको पनि सोही शिविरमा आँखाको मोतियाविन्दुको शल्यक्रिया गरिएको छ । हाल उनीहरू अस्पतालमा नै आराम गरिरहेका छन् । उपचारका लागि सुविधायुक्त अस्पतालसम्म पुग्न टाढा जानुपर्ने, खर्च धान्न मुस्किल र समयमा नै उपचार नपाइने समस्या थियो । गाउँमै निःशुल्क आँखा शिविर सञ्चालन गरेपछि यहाँका नागरिकले सहजै सेवा पाएका छन् । गाउँको दुई ठाउँमा सञ्चालन गरिएको शिविरमा ६६ जनाको आँखाको शल्यक्रिया गरिएको छ ।

आयोजक संस्था परिवर्तनशील समाज नेपालका अध्यक्ष क्षेत्रबहादुर वाइबाले भौगोलिक रूपमा विकट रहेको ठाउँमा शिविर आयोजना गरेर आँखाको निःशुल्क शल्यक्रिया गरिएको बताए । खानीखोलाको आर्थिक सहयोग तथा रेयुकाई एईको मासुनागा आँखा अस्पताल बनेपाको प्राविधिक सहयोगमा सञ्चालन गरिएको उक्त आँखा शिविरमा करिब ३०० भन्दा बढीले सेवा पाएका थिए । *रासस*

**युएईमा रोजगार** — कम्पनी : Bayt Al Mubarak Building Maintenance

पूर्व स्वीकृति मिति : २०८१/१२/१५ | LT. No. 321346 | चलानी नं. ६०२३५४०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 12 | 0 | 1200 | ४४,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Tile layer | 13 | 0 | 1200 | ४४,७८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २८ र २९ गते (10 & 11 Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 021/048/49
RARA EMPLOYMENT CONSULT (P.) LTD.
Pulchowk-3, Lalitpur, Nepal, Tel: 01 - 5454391
Email: raraemployment21@gmail.com, info@raraemployment.com, Web: www.raraemployment.com

**युएइमा रोजगार** — कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१२/१९ | LT. No. 321395 | चलानी नं. ६०२३५५१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 200 | 0 | 800 | २९,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २८ गते (10th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

1559/079/80
FEWA OVERSEAS PVT. LTD
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530, 9808655324, 9844024322
9813432386, 9827644060, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np

**युएइ/मलेसियामा रोजगार** — कम्पनी : CITICORE INTERIOR DESIGN - SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/१२/२० | LT. No. 321501 | चलानी नं. ६०२३५६०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | furniture upholstere | 2 | 0 | 1200 | ४४,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | decorative painter | 5 | 0 | 1200 | ४४,७८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २८ गते (10th Apr. 2025) मा हुनेछ ।

कम्पनी : KONSULTAN KHIDMAT SETIA SDN BHD

पूर्व स्वीकृति मिति : २०८१/१२/२० | LT. No. 321492 | चलानी नं. ६०२३५६००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 200 | 0 | 1700 | ५२,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २९ गते (11th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MOBHIRA H.R. SERVICE PVT. LTD.
Gaushala, Bijayachowk, Kathmandu BAGMATI, Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com
श्रम इजाजत नं. १००१/०६८/६९

**जापानमा रोजगार** — कम्पनी : ASEAN COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८१/१२/१९ | LT. No. 320589 | चलानी नं. ६०२३५५७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Reinforcing Bar Placer | 6 | 0 | 171947 | १५७२११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ASEAN COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८१/११/१९ | LT. No. 320588 | चलानी नं. ६०२३५५६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 3 | 0 | 215401 | १९६९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २८ गते (10th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

## Malikarjun Rural Municipality

## Office of Rural Municipal Executive

**Shankarpur, Darchula**

**Sudurpachhim Province, Nepal**

## Invitation For Bids

**First date of publication: 2081/12/21**

1. Malikarjun Rural Municipality, Shankarpur, Darchula invites electronic bids from Nepalese eligible bidders for the following contracts under National Competitive Bidding Procedures.

| S. No. | Contact ID. | Name Of The Project | Estimated Amount (Including VAT& PS) (NRs) | Bid Security Amount (NRs) | Price Of Bidding Document (NRs) | Validity period of the bid (Days) | Validity Period of Bid Security (Days) |
|---|---|---|---|---|---|---|---|
| 1. | MRM/NCB/ 11-2081/082 | Muiltipurpose Training Hall Renovation and Sewing Cutting Garment Operation Programm | 32,21,560.04 | 90,000 /- | 3,000 /- | 90 | 120 |

2. Eligible bidders may obtain further information from Malikarjun Rural Municipality, Office Of Rural Municipal Executive, Shankarpur, Darchula or visit PPMO website www.bolpatra.gov.np/egp.
3. Matters not covered by this notice shall be in accordance with Public Procurement Act 2063 and Public Procurement Regulations, 2064 and other prevailing regulations.
4. All the rights as to whether to accept or reject the bids partially or fully without assigning any reason, whatsoever are reserved to the Office of Malikarjun Rural Municipality. Conditional bids are not allowed.

**Chief Administrative Officer**

## विराटनगर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**विराटनगर, मोरङ**

**कोशी प्रदेश, नेपाल**

## सूचिकृत गर्ने सम्बन्धमा

**दोश्रो पटक प्रकाशित मितिः २०८१/१२/२१**

विराटनगर महानगरपालिकाको आ.व. २०८१/८२ को स्वीकृत कार्यक्रम अनुसार सडक तथा सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रम अन्तर्गत प्रति कुकुर रु. २५००/- का दरले स्वीकृत भएको हुनाले तपसिल बमोजिमको सेवा/शर्तमा रहि कुकुर बन्ध्याकरण गर्न चाहने संघ/संस्थाहरूले १५ दिन भित्र सूचिकृत हुनका लागि प्रकाशन गरिएको सूचनामा कुनै पनि संघ/संस्थाहरू सूचिकृत हुन नआएकोले मिति २०८१।१२।२१ गते देखि पुनः ७ दिनसम्म म्याद थप गरिएको जानकारी गराउँदै इच्छुक संघ/संस्थाहरूले पशुपंक्षी विकास शाखामा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**तपसिल**

- सडक तथा सामुदायिक कुकुरहरु कम्तिमा ३६० वटालाई स्थायी बन्ध्याकरण गर्नुपर्नेछ ।
- रेविज विरूद्धको खोप लगाउनुपर्नेछ ।
- घाँटीमा रिफलेक्टिङ्ग बेल्ट लगाउनुपर्नेछ ।
- बन्ध्याकरण गरेको कुकुरलाई २४ घण्टा निगरानीमा राखेर सम्बन्धित ठाउँमा पुर्याउनु पर्नेछ ।

प्रभाव दैनिक

बिहीबार, २१ चैत २०८१ (Thursday, April 03, 2025)

## रूपशाला

### दोस्रो फिल्म निर्देशन गर्दै जुनिम

गत फागुन ९ गते प्रदर्शनमा आएको फिल्म 'ताण्डवम्'का निर्देशक जुनिम गहतराजले दोस्रो फिल्म निर्देशन गर्ने भएका छन् । जुनिमले दीपक लम्सालको लगानीमा बन्ने फिल्म 'हे माया' निर्देशन गर्ने भएका हुन् । निर्माण पक्षले यस फिल्म निर्माण घोषणा बुधबार गरेको हो । निर्माता लम्सालले यसअघि भारतमा बसेर भारतीय फिल्म नेपालमा प्रदर्शन गराउने काम गर्दै आएका थिए । अब भने उनले नेपाली फिल्म निर्माणमा हात हाल्न लागेका हुन् । 'ताण्डवम्'मा जुनिमको निर्देशकीय क्षमताबाट प्रभावित भएर सहकार्य गर्ने सोच पलाएको लम्सालले बताए ।




# बोर्ड सदस्य लोहनीलाई सम्मान

■ प्रभाव संवाददाता



**काठमाडौं–** 'माटो बदलिँदैन, विचार बदलौं' भन्ने नाराका साथ नेपाली कला, संस्कृति तथा चलचित्र क्षेत्रको सर्वांगिण विकासका लागि विसं २०५२ मा स्थापना भएको परिवर्तन नेपालले राजधानीमा आयोजित एक कार्यक्रममा हालै चलचित्र विकास बोर्डका नवनियुक्त सदस्य सन्तोष बाबु लोहनीलाई सम्मान गरेको छ । विशिष्ट चलचित्र अभिनेत्री बसुन्धरा भुषाल, विशिष्ट कलाकार कृष्ण मल्ल, लय संग्रौला, विशिष्ट चलचित्र निर्देशक रमेश बुढाथोकी तथा परिवर्तन नेपालका संस्थापक एवं केन्द्रीय अध्यक्ष मोहन निरौलाले संयुक्त रूपमा सम्मानपत्र प्रदान गरेका थिए ।

परिवर्तन नेपालले विगतका वर्षहरूमा झैं यस वर्ष पनि संस्थापक अध्यक्ष मोहन निरौलाको जन्मोत्सवको अवसर पारेर उक्त कार्यक्रमको आयोजना गरेको हो । कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी, चलचित्र संघका अध्यक्ष नरेन्द्र महर्जन, साहित्यकार राधेश्याम लेकाली, अधिवक्ता कृष्ण ढुंगानालगायतका विशिष्ट व्यक्तित्वहरूले अध्यक्ष निरौलालाई जन्मदिनको शुभकामना दिएका थिए ।

मानिसहरूको जीवन जसरी पञ्च तत्वद्वारा निर्देशित हुन्छ त्यसैगरी सोही पञ्चतत्वको अनुष्ठान गरी हाम्रो मौलिक परम्परा, संस्कृति र सभ्यता बमोजिम अध्यक्ष निरौलाको जन्मदिनको अवसरमा पञ्च दिपप्रज्वलन गरिएको थियो । हाम्रो धार्मीक मान्यता अनुरूप पञ्चदिप प्रज्वलित गर्दा मानिसहरूमा आफ्नो कर्म, पेशामा क्रियाशिल रहँदै आफ्नो आचारण तथा स्वभावमा सदाचारिताको विकास हुन्छ भन्ने जनविश्वास रहेको छ ।

कार्यक्रमलाई व्यवस्थित बनाउन चलचित्र कलाकार संघका पूर्वअध्यक्ष रविन्द्र खड्काले महत्वपूर्ण भूमिका निभाएका थिए । उक्त अवसरमा अध्यक्ष डिसीले कविता वाचन गर्नुका साथै गीत प्रस्तुत गरेका थिए भने अभिनेता गजित विष्टको नृत्य प्रस्तुति सहभागीहरूका लागि आकर्षणको केन्द्र बनेको थियो । नेपाल चलचित्र कलाकार संघका अध्यक्ष समेत रहेका मोहन निरौलालाई शुभकामना दिन चलचित्र कलाकार संघ, चलचित्र संघ, चलचित्र निर्देशक समाज, द्वन्द्व कलाकार संघ लगायतका संस्थाका प्रतिनिधिहरू तथा चलचित्र, साहित्य र पत्रकारिता क्षेत्रमा क्रियाशिल व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

नेपाल चलचित्र कलाकार संघका अध्यक्ष समेत रहेका निरौलाको जन्मदिनको अवसरमा शुभकामना दिनको लागी कलाकार संघका महासचिव सविन श्रेष्ठ, कोषाध्यक्ष सुनिल कटुवाल, सहकोषाध्यक्ष पवित्रा आचार्य, चलचित्र संघका बरिष्ठ उपाध्यक्ष गोपालकाजी कायस्थ, चलचित्र निर्देशक समाजका अध्यक्ष जनकदिप पराजुली, महासचिव अरुण प्रधान, द्वन्द्व कलाकार संघका अध्यक्ष नारायण प्रधान तथा विशिष्ठ व्यक्तित्वहरू बिजयरत्न तुलाधर, आरपी पन्त, उत्तम केसी, सपना श्रेष्ठ, शारदा गिरी, शुरेन्द्र शाह, शान्तिप्रिय, चेतन सापकोटा, बसन्त सापकोटा, राजन थापा, विष्णु सुवेदी, गीता अधिकारी, पनाहा अधिकारी, सुमन बैरागी, रघुनाथ सापकोटा, बिनोद श्रेष्ठ, पुकार भट्टराई, रोहित रुम्बा, दिपेन्द्र तिमल्सिना, उद्धव भट्टराई, नम्रता खरेल, पवन केसी, जयन्त रेग्मी, राजकुमार शाह, राजु गिरी, कृष्ण रसाल, पुस्कर पन्त, विमल श्रेष्ठ, समिर लामा, अमर वली, देवन्द्र पाण्डे, अटल निरज, दिपक हुमागाई, आशा भुषाल, सविता पोखेल, कमला जोशी, सामना शाह, फोटोग्राफर देवराज आचार्य लगायत झण्डै सय भन्दा बढी कलाकार तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमलाई परिवर्तन नेपालका मानार्थ सदस्य तथा चलचित्र निर्देशक माधव राज खरेलले सञ्चालन गरेका थिए भने गोपाल ढकाल 'छन्दे', गायिका बबिरोजा ढकाल, गायक सुरज अधिकारी लगायतका कलाकारहरूले सांस्कृतिक प्रस्तुति दिएका थिए ।

# 'न्यु इयर इभ एट जर्मन होम्स'मा गुन्जिँदै रामकृष्ण ढकाल

■ प्रभाव संवाददाता



**काठमाडौं–** नयाँ वर्ष २०८२ सालको पूर्वसन्ध्यामा भक्तपुरको गठ्ठाघरमा रहेको जर्मन होम्सले 'न्यु इयर इभ' कार्यक्रम गर्ने भएको छ ।

वरिष्ठ लोकप्रिय गायक राम कृष्ण ढकाल एण्ड ब्याण्डको विशेष प्रस्तुति रहने उक्त कार्यक्रमलाई 'न्यु इयर इभ एट जर्मन होम्स विथ राम कृष्ण ढकाल' नाम दिइएको छ । कार्यक्रममा गायक ढकालका अलावा अन्य राष्ट्रिय कलाकारहरूको पनि प्रस्तुति रहने छ ।

चैत ३१ गते बेलुका ६ बजेबाट सुरु हुने उक्त कार्यक्रम राती १२ बजेसम्म चल्नेछ। कार्यक्रमलाई नेपाल कै चर्चित उद्घोषिका र नायिका रीमा विश्वकर्माले सञ्चालन गर्नेछिन् । 'न्यु इयर इभ एट जर्मन होम्स' मा साङ्गीतिक कार्यक्रमको साथसाथै कमेडी, साल्सा नृत्य र डीजे सेसन पनि रहने छ ।

न्यु जर्मन आर्किटेक्चरमा बनेको भव्य हल उद्घाटन समेत रहेको उक्त कार्यक्रममा करिब १५ सय देखी २ हजार दर्शकलाई सहभागिता गराउने लक्ष्य राखिएको छ। 'न्यु इयर इभ एट जर्मन होम्स' मा सहभागिता जनाउन यही चैत २२ गते बाट खल्ती एप मार्फत टिकट वुकिङ्ग गर्न सकिनेछ भने डोर सेलको पनि व्यवस्था गरिएको आयोजकले जनाएको छ ।

कार्यक्रममा सहभागी हुने मध्यबाट एक जनाले थाइल्यान्ड ट्रिपको पुरस्कार प्राप्त गर्न सक्नेछन् भने अन्य विशेष उपहारहरू पनि रहेका छन् ।

जर्मन होम्समा आयोजना हुने यो विशेष कार्यक्रमलाई सफल बनाउन सम्पूर्ण तयारीहरू तीव्र रूपमा अघि बढिरहेको आयोजकले जनाएको छ । २०८१ साललाई धन्यवाद भन्दै नयाँ ऊर्जाका साथ २०८२ साललाई स्वागत गर्नको लागी भव्य कार्यक्रमको आयोजना गरेको जर्मन होम्स होटेल ७ इभेन्ट भेन्युका सञ्चालक एवम् कार्यकारी निर्देशक राजन कार्कीले जानकारी दिए । नयाँ वर्षको पूर्वसन्ध्यामा भव्य साङ्गीतिक वातावरणको आनन्द लिन इच्छुक सम्पूर्णलाई कार्यक्रम स्थलमा उपस्थित हुन आयोजक टिमले आग्रह गरेको छ ।

नयाँ होटेल रुम र १५०० जनाको क्यापासिटी रहेको बलरुम साथै इनडोर र आउटडोर सुविधा दिई रहेको जर्मन होम्स हस्पिटालिटी (होटेल एण्ड इभेन्ट भेन्यु) बिगत ४ वर्ष देखी गठ्ठाघरमा रही उच्च गुणस्तरको सेवा प्रदान गर्दै आएको एक प्रतिष्ठित गन्तव्य हो ।

## रंगशाला

### एनएसएल फुटबल

# पोखराविरुद्ध ललितपुर विजयी



■ प्रभाव संवाददाता

**काठमाडौं–** साबिक विजेता ललितपुर सिटी नेपाल सुपर लिग (एनएसएल) मा फर्किएको छ । पहिलो खेलमा पहिलो संस्करणको विजेता काठमाडौं रेजर्ससँग दुई गोलको अग्रता जोगाउन नसकेको ललितपुरले आफ्नो दोस्रो खेलमा पोखरा थन्डर्सलाई ३-२ ले पराजित गरेको हो ।

योसँगै ललितपुर दुई खेलबाट चार अंक जोड्दै अंकतालिकाको शीर्षस्थानमा उक्लिएको छ । पोखरा भने अझै अंकविहीन छ । पहिलो खेलमा पोखरालाई एफसी चितवनले २-० ले पराजित गरेको थियो । ललितपुरलाई जित दिलाउन जोनाथनबाहेक इमोह इजिकेलले एक गोल थपे । पोखराका समीर तामाङ र जोय आइडुले गरेको गोल सान्त्वना रह्यो ।

खेलको ११औं मिनेटमै ललितपुरले सुरुआती अग्रता लियो । जोनाथनले कर्नरबाट प्रहार गरेको बल प्रिसोको खुट्टामा डिफ्लेक्ट हुँदै जाली चुम्यो । ४२औं मिनेटमा मार्की प्लेयर समीरको गोलसँगै पोखरा खेलमा फर्कियो । आयुष घलानले पेनाल्टी बक्सबाट उपलब्ध गराइदिएको बललाई नवयुग श्रेष्ठले हेडर गरेका थिए । तर, उक्त बललाई जेफ्रे बाल्टुसले राम्रोसँग नियन्त्रणमा लिन नसक्दा समीरले रिबाउन्डमा गोल गर्ने अवसर प्राप्त गरे ।

इन्जुरी समयमा इजिकेले गोल गर्दै ललितपुरलाई पुनः अग्रता दिलाए । मैदानको मध्यभागबाट जोनाथनले दिएको लामो क्रसमा इजिकेलले गोल गरेका हुन् । ७५औं मिनेटमा भने जोनाथन आफैंले गोल गरे । साइट एन्ड साइडबाट सनीश श्रेष्ठले उपलब्ध गराइदिएको बललाई जोनाथनले सहजै गोल गरे । योसँगै ललितपुरले ३-१ को अग्रता लियो ।

योसँगै जोनाथन जारी प्रतियोगिताका सर्वाधिक गोलकर्ताको सूचीमा शीर्ष स्थानमा उक्लिएका छन् । उनले गोलसंख्या तीन पुऱ्याएका छन् । उनलाई एक खेल कम खेलेका धनगढी एफसीका अहमद हिजाजीले पछ्याइरहेका छन् । उनले पहिलो खेलमा बुटवल लुम्बिनी एफसीविरुद्धको दुई गोल गरेका थिए । ८१औं मिनेटमा पोखराका समीरको क्रसमा कप्तान नवयुगले प्रहार गरेको बल ललितपुरका गोलकिपर जेफ्राले उत्कृष्ट बचाउन गरे । तर, पोखराका खेलाडीहरूले बलले लाइन पार गरिसकेको भन्दै गोलले मान्यता पाउनुपर्ने अडान राखेका थिए । तर, रेफ्री नवीन्द्र महर्जनले गोलको मान्यता दिएनन् । त्यसपछि नवयुग र समीर रेफ्रीसँग विवादमा उत्रिएका थिए ।

त्यहीबेला पोखराका किट पार्टनर जि स्पोर्ट्सका प्रमुख सुन्दर थापा रेफ्रीलाई हात नै हाल्न झम्टिएका थिए । उनलाई सम्झाउन एनएसएलका कम्पिटिसन डिरेक्टर सञ्जीव मिश्र नै पुगेका थिए । तर, सञ्जीवमाथि नै हातपात भएपछि अवस्था तनावपूर्ण भएको थियो । पोखराको अफिसिलय बेन्च लिस्टमा नामसम्म नभएका उनलाई बाहिर निकाल्न सुरक्षाकर्मी प्रयोग गर्नुपरेको थियो ।

इन्जुरी समयको नवौं मिनेटमा जोयले गोल गर्दै पोखरालाई ३-२ को स्थितिमा ल्याए । समीरले दिएको पासमा उनले गोल गरेका थिए । तर, समय अभावका कारण त्यसपछि पोखरा खेलमा फर्किन सकेन ।

### इक्वालिटि कप क्रिकेट

# मोरङ र सप्तरी उपाधिका लागि भिड्ने

■ प्रभाव संवाददाता




**विराटनगर–** मोरङ र सप्तरी चौथो संस्करणको 'इक्वालिटि कप क्रिकेट २०२५' प्रतियोगिताको उपाधिका लागि भिड्ने भएका छन् । मोरङले सप्तरीलाई सात विकेटले पराजित गरेको हो । यस अघि नै मोरङ र सप्तरी फाइनलको यात्रा तय गरेका छन् । मोरङले अपराजित रहँदै ६ अंक जोड्यो । सप्तरी चार अंकका साथ दोस्रो स्थानमा रह्यो ।

८२ रनको लक्ष्य मोरङले १०.५ बलमा तीन विकेट गुमाउँदै भेट्टाएको हो । मोरङको जितमा प्लेयर अफ द म्याच टिका साहले ४१ रन बनाउँदा प्रिन्सा रानामगरले अविजित १५ रनको योगदान दिइन् । टिकाले ३० बलमा ६ चौका प्रहार गरिन्। सप्तरीकी दीप रामले दुई विकेट लिइन् ।

त्यसअघि टस जितेर ब्याटिङ गरेको सप्तरीले निर्धारित २० ओभरमा चार विकेट गुमाई ८१ रन जोड्यो । सप्तरीकी साक्षी यादवले सर्वाधिक अविजित ४२ रन जोडिन् । मोरङकी निरु राजवंशीले एक विकेट लिँदा फुलकुमारी राजवंशी र बन्धना राजवंशी र क्रितीषा राजवंशीले समान एक विकेट लिइन् ।

# नेपाली राष्ट्रिय क्रिकेट टोलीको बन्द प्रशिक्षण भैरहवामा

■ प्रभाव संवाददाता

**रूपन्देही–** आगामी हप्तादेखि हङकङमा हुने चार देशीय टी-२० सिरिजका लागि रूपन्देहीको भैरहवामा नेपाली राष्ट्रिय क्रिकेट टोलीको बन्द प्रशिक्षण सुरु भएको छ ।

रूपन्देहीको भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा बुधबारदेखि बन्द प्रशिक्षण सुरु भएको हो । रोहितकुमार पौडेलको कप्तानीमा रहेको राष्ट्रिय क्रिकेट टिमलाई नेपाली टीमका प्रशिक्षक ज्ञानेन्द्र मल्लले प्रशिक्षण गर्नेछन् । भैरहवामा पहिलो पटक राष्ट्रिय टिमको प्रशिक्षण भएको हो ।

बन्द प्रशिक्षणमा पौडेलसहित, कुशल भूर्तेल, आशिफ शेख, किरणकुमार ठगुन्ना, लोकेश बम, बसिर अहम्मद, दीपेन्द्रसिंह ऐरी, ललितनारायण राजवंशी, सोमपाल कामी, करण केसी, कमलसिंह ऐरी, नन्दन यादव, रिजन ढकाल, गुलशनकुमार झा, अर्जुन घर्ती, कुशल मल्ल, रूपेश सिंह, दीपेन्द्र रावत, शाहब आलम र विवेक यादव छन् । बन्द प्रशिक्षणमा आएका खेलाडीहरूलाई रूपन्देही क्रिकेट संघले बुधबार स्वागतसहित आगामी सिरिजका लागि सफलताको शुभकामना व्यक्त गरेको छ ।

रूपन्देहीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले नेपालको क्रिकेटले पछिल्लो समय गरेको प्रगती गर्व गर्न लायक रहेको जनाए । उनले राष्ट्रभक्ती र राष्ट्रियतालाई आत्साथ गरेर क्रिकेट खेल्न आग्रह गरे । 'तपाईंहरू मैदानमा खेलिरहँदा हाम्रो छाती गर्वले फुलिन्छ, छाती ढुकढुक हुन्छ, हाम्रा खेलाडीले जिते हुन्थ्यो भन्ने हुन्छ', उनले भने, 'त्यसैले सधै मिहिनत गर्नुस्, राष्ट्रप्रेम यहाँहरूलाई थाहा छ, क्रिकेटको महत्व बुझ्नु भएकै छ ।'

प्रशिक्षक ज्ञानेन्द्र मल्लले हङकङमा हुने सिरिज यसपटक नेपाल ल्याउने लक्ष्य रहेको जनाए । उनले टिम एकजुट भएर सबै नेपाललाई एकै ठाउँमा बाँधी खुशी तुल्याउने गरी खेलाडीहरूले खेल प्रदर्शन गर्ने विश्वास जनाए । राष्ट्रिय टिमका कप्तान रोहितकुमार पौडेलले टिमले एकजुट भएर राम्रो प्रदर्शन गरी सिरिज जित्ने लक्ष्य राखेको बताए ।

उनले भर्खरै प्रधानमन्त्री कप सम्पन्न भएकाले त्यसबाट धेरै खेलाडीहरूको अभ्याससमेत भएकाले जति सक्दो राम्रो गर्ने आफूहरूको लक्ष्य रहेको जनाए । नेपाल क्रिकेट संघ (क्यान) छनोटमा परेका २० जना खेलाडीहरू बन्द प्रशिक्षणमा सहभाी छन् । हङकङमा हुने चारदेशीय सिरिजपछि नेपाटी टिम आगामी जुनमा स्कटल्याण्डमा घरेलु टोली र नेदरल्याण्ड्ससँग लिग टु को चौथो सिरिज खेल्नेछ ।



दक्षिणपश्चिम चीनको सिजाङ स्वायत्त क्षेत्र झानाङ काउन्टीको सामयाई टाउनस्थित घरमा चुलोमा आगो बाल्दै ८१ वर्षीया गेसाङ मेटोक । *तस्बिरः सिन्हवा*

# बजेट कटौतीपछि पनि डब्ल्युएचओले २.५ अर्ब डलरको अभाव झेलिरहेको दाबी

**जेनेभा–** विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)ले आफ्नो बजेट नाटकीयरूपमा कटौती गरे पनि अमेरिका सहयोग दिने निर्णयबाट पछि हट्ने भएपछि यो वर्षदेखि र सन् २०२७ सम्म बजेट अभावको सामना गर्नुपर्ने देखिएको बुधबार सार्वजनिक एक मिडिया रिपोर्टमा जनाइएको छ ।

संयुक्त राष्ट्रसंघीय स्वास्थ्य निकायले आगामी जनवरीमा पूर्ण अमेरिकी सेना फिर्ता गर्ने तयारी गरिरहँदा उसले सन् २०२६/२७ का लागि आफ्नो दुई वर्षे बजेट ५.३ अर्ब डलरबाट घटाएर ४.२० अर्ब डलरमा झारेको छ । तर नाटकीयरूपमा रकम घट्दा पनि उक्त बजेटका लागि एक अर्ब ९० करोड अमेरिकी डलर कम रहेको विश्व स्वास्थ्य संगठनको 'हेल्थ पोलिसी वाच'ले बुधबार जनाएको छ ।

प्रकाशकले उक्त तथ्यांक मंगलबार टाउन हल बैठकको क्रममा कर्मचारीहरूलाई प्रदान गरिएको बताएको छ । निकायले यस वर्षको बजेटका लागि नपुगेको रकम लगभग ६० लाख डलरभन्दा माथि भएको जनाएको छ ।

आफ्नो ऐतिहासिकरूपमा सबैभन्दा ठूलो दाताको बहिर्गमनसँग जुधिरहेको डब्ल्युएचओले एएफपीको रिपोर्टमा




टिप्पणीका लागि गरेको अनुरोधमा तत्काल कुनै प्रतिक्रिया दिएको छैन । जनवरीमा ह्वाइटहाउस फर्केपछि विश्व स्वास्थ्य संगठनबाट अमेरिका बाहिरिने घोषणा गर्नुका साथै राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्वव्यापी स्वास्थ्य परियोजनाहरूमा ठूलो सहयोगसहित लगभग सबै अमेरिकी विदेशी सहायता रोक्का गर्ने निर्णय गरेका थिए ।

संयुक्त राज्य अमेरिकाले डब्ल्युएचओलाई सन् २०२२/२३ को बजेट अवधिमा मुख्यतया निश्चित सदस्यता शुल्कको सट्टा विशिष्ट निर्धारित परियोजनाहरूका लागि स्वेच्छिक योगदानको माध्यमबाट १.३ अर्ब अमेरिकी डलर प्रदान गरेको थियो । वासिङ्टनले सन् २०२४ को बक्यौता अहिलेसम्म तिरेको छैन र सन् २०२५ का लागि आफ्नो सदस्यता दायित्वको सम्मान गर्ने अपेक्षा गरिएको छैन । डब्ल्युएचओका अनुसार सन् २०२४ देखि २०२५ सम्मका लागि मात्र अमेरिकाले २६ करोड अमेरिकी डलर सदस्यता शुल्क तिर्न बाँकी छ ।

शुक्रबार मात्र डब्ल्युएचओका प्रमुख टेड्रोस अधानोम गेब्रेयेससले यस वर्षको बजेटमा ६० करोड अमेरिकी डलरको अभाव भएको जानकारी कर्मचारीलाई दिएका थिए । एएफपीले प्राप्त गरेको सन्देशमा एजेन्सीसँग कटौती सुरु गर्नुबाहेक 'कुनै विकल्प नभएको' उनले चेतावनी दिएका थिए ।

टेड्रोसले आफ्नो इमेलमा भनेका छन्, 'संयुक्त राज्य अमेरिका र अन्य देशहरूले आधिकारिक विकास सहायतामा नाटकीय कटौती गर्दा विश्व स्वास्थ्य संगठनलगायत देश, गैरसरकारी संस्था र संयुक्त राष्ट्रसंघका निकायहरूमा ठूलो व्यवधान उत्पन्न भएको छ । उनले ट्रम्पले डब्ल्युएचओबाट बाहिरिने एक वर्षको प्रक्रिया सुरु गर्नुअघि नै संगठनले आर्थिक अभावको सामना गरिरहेको बताए ।

टेड्रोसले भने, 'हाम्रो सर्वोत्तम प्रयासको बावजुद, हामी अहिले यस्तो बिन्दुमा छौं जहाँ हामीसँग हाम्रो काम र कार्यबलको आकार घटाउनुबाहेक कुनै विकल्प छैन । यो कटौती मुख्यालयबाट सुरु हुने छ, प्रमुख योगदान गर्ने मुलुकबाट सुरु हुने छ, तर यसले सबै तह र क्षेत्रहरूलाई असर गर्ने छ ।'

गत महिना टेड्रोसले वासिङ्टनलाई विश्वव्यापी स्वास्थ्य कोष कटौतीमा पुनः विचार गर्न आग्रह गर्दै अचानक रोकिएको सहायता रकमले लाखौं मानिसको ज्यान जोखिममा परेको चेतावनी दिएका छन् । उनले विश्वव्यापी एचआइभी कार्यक्रमहरूमा मात्र अवरोध आउँदा 'एचआइभीका थप एक करोडभन्दा बढी संक्रमित र ३० लाख एचआइभीसँग सम्बन्धित मृत्यु' निम्त्याउन सक्ने बताए । *रासस/एएफपी*

# निर्माण कानुनको पालना गर्न चीनको आग्रह

**बैंकक–** गत साताको भूकम्पमा एक चिनियाँ निर्माण कम्पनीले निर्माण गरिरहेको एक भवन ढलेपछि बैंकककका लागि चिनियाँ दूतावासले विदेशमा कार्यरत चिनियाँ कम्पनीहरूलाई स्थानीय कानुनको पालना गर्न आह्वान गरेको छ ।

थाइल्याण्डको राजधानी बैंकक र म्यान्मामा शुक्रबार गएको ७.७ म्याग्निच्युडको भूकम्पका कारण बैंककमा ३० तल्ले गगनचुम्बी भवन भत्किएको थियो । थाइल्याण्डका अधिकारीहरूले उक्त संरचनामा गुणस्तरहीन रड प्रयोग गरेको आशंकामा जिम्मेवार निर्माण कम्पनीहरूमाथि अनुसन्धान सुरु गरेको बताएका छन् ।

बैंकककाे लोकप्रिय चाटुचक बजार नजिकैको विकास चाइना रेलवे नम्बर १० चिनियाँ इञ्जिनियरिङ ग्रुप र थाइल्याण्डको एक संयुक्त परियोजना थियो । चीन रेलवे ग्रुप (सिआरइसी) को उक्त शाखा विश्वको सबैभन्दा ठूलो निर्माण र इञ्जिनियरिङ ठेकेदारमध्ये एक मानिन्छ ।

बैंककस्थित चिनियाँ दूतावासले मंगलबार राति भूकम्पका कारण भवन ढलेर भएको मानवीय क्षतिप्रति दुःख व्यक्त गर्दै मृतक कामदारका परिवारमा समवेदना प्रकट गरेको छ । दूताबासले कम्पनीहरूलाई थाई कानुनको कडाइका साथ पालना गर्न आग्रह गरेको छ । 'चीन सरकारले विदेशमा रहेका चिनियाँ कम्पनीहरूलाई स्थानीय कानुनको पालना गर्न र विदेशी भूमिमा सकारात्मक योगदान गर्न निरन्तर आग्रह गर्दै आएको छ,' दूतावासले थाई भाषामा फेसबुकमा संप्रेषित सन्देशमा लेखेको छ ।

बेइजिङले बैंककमा सहयोग गर्न उद्धार विज्ञ र विपद् राहत कर्मीहरूको एक टोली पठाएको छ र 'थाइल्याण्डलाई आवश्यकताअनुसार सहयोग जारी राख्ने' प्रतिबद्धता जनाएको छ । बेइजिङले चिनियाँ कम्पनीहरूलाई थाई अधिकारीहरूसँग 'मेहनत साथ' उद्धारमा सहयोग गर्न पनि आग्रह गरेको छ । परियोजनाको स्थानीय साझेदार इटालियन-थाई डेभलपमेन्ट (आइटिडी) ले सोमबार भूकम्पपीडितप्रति समवेदना प्रकट गरेको छ तर यस घटनाले अन्य परियोजनामा असर नपार्नेमा आफू विश्वस्त रहेको बताएको छ ।

थाइल्यान्डमा भूकम्पका कारण भएको यो अहिलेसम्मकै सबैभन्दा घातक घटना हो, जसमा राज्यका २२ जनाको मृत्यु भएको र तीमध्ये अधिकांश निर्माणस्थलमा कार्यरत कामदार रहेको अनुमान गरिएको छ । *रासस/एएफपी*

# म्यान्मामा भूकम्पबाट मृत्यु हुनेको संख्या २८८६ पुग्यो



**यांगुन–** म्यान्मामा शुक्रबार ७.९ म्याग्निच्युडको भूकम्पपछि मृत्युको संख्या दुई हजार ८८६ पुगेको र चार हजार ६३९ जना घाइते भएका छन् ।

म्यान्मा रेड क्रस सोसाइटीका अध्यक्ष म्यो न्युन्टले भने, 'प्राकृतिक प्रकोपको मूल्यांकन र आपत्कालीन आपूर्ति वितरणमा रसद समन्वयको अभाव प्रमुख समस्या बनेको छ ।' उद्धार टोलीहरूले प्रभावित क्षेत्रमा सुरक्षा चिन्ताहरूका कारण आपूर्ति वितरणमा ठूलो समस्या भोगिरहेका छन् । यसका साथै, भारी यन्त्रको अभावले उद्धार कार्यलाई थप कठिन बनाएको म्यो न्युन्टले बताए ।

यस भूकम्पले म्यान्माको पश्चिमी र दक्षिणी क्षेत्रलाई ठूलो प्रभाव परेको छ, जहाँ दर्जनौं घर र भौतिक संरचनाहरू पूर्णरूपमा ध्वस्त भएका छन् । भूकम्पको गहिराई र दुरगामी प्रभावका कारण उद्धार कार्यमा समय लागिरहेको छ । सरकारले आपत्कालीन राहतका लागि अन्तर ाष्ट्रिय समुदायसँग सहयोगको अपिल गरेको छ ।

राहत कार्यका लागि म्यान्माका प्रमुख सहर र ग्रामीण क्षेत्रहरूमा प्रभावित जनतासम्म खाना, पानी र स्वास्थ्य सहायता पुऱ्याउन प्रगति भइरहेको छ, तर हालको चिन्ता भनेको जीवितलाई उद्धार गर्न आवश्यक पर्ने थप स्रोत र उपकरणहरूको अभाव हो । *रासस/सिन्हवा*

## भूकम्पको पाँच दिनपछि एक व्यक्तिको जीवितै उद्धार

**यांगुन–** म्यानमामा गएको ७.९ म्याग्निच्युडको भूकम्पको पाँच दिनपछि बुधबार म्यानमाको नेपिडोको एक होटल भवन भत्किएको भग्नावशेषबाट २६ वर्षीय एक होटल कर्मचारीलाई उद्धार गरिएको राज्य प्रशासन परिषद्को सूचना टोलीले जनाएको छ ।

भग्नावशेषमा दुई जना फसेको र म्यान्माको अग्नि सेवा विभाग र टर्कीको उद्धार टोलीले एक जनालाई सुरक्षित स्थानमा ल्याउन सफल भएको सूचना टोलीले जनाएको छ ।

स्थानीय समयअनुसार मंगलबार अपराह्न ३:०० बजे होटलको अप्रेसन सुरु भएको र स्थानीय समयअनुसार बुधबार बिहान १२:३० बजे ती व्यक्तिलाई उद्धार गरिएको बताइएको छ । बाँकी फसेका व्यक्तिहरूको खोजी र उद्धारको प्रयास जारी रहेको बताइएको छ । *रासस/एएफपी*


**शिवसताक्षी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**व्यङ्डाडा, झापा (नेपाल)**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति २०८१/१२/२१ गते**

यस कार्यालयबाट राष्ट्रिय दैनिक प्रकाशित बोलपत्र सम्बन्धि सूचनानुसार समयावधि भित्र पेश भएको बोलपत्रहरु मध्ये यस कार्यालयको निर्णयानुसार देहाय बमोजिमको बोलपत्रदाताको बोलपत्र सारभूतरूपमा प्रभावग्राही ठहर भई स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन २०७३) को दफा २७ को उप दफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | विवरण | वोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक रु. भ्याट समेत |
|---|---|---|---|
| 17/SM/NCB/road/2081/082 | Construction of Blacktop road ring road Phase XI, Ward No 09 | Mirak Hang Nirman Sewa, Kankai Mun | 59,36,637.67 |
| 21/SM/NCB/Road/2081/082 | Construction of road works including interlocking concrete Block and Drain within Shivasatakshi Municipality | Satasi Mata Nirman Sewa, Mechinagar | 78,28,165.42 |



**जहदा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मझारे, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आसयको सूचना**

**प्रकाशन मिति : २०८१/१२/२१**

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत बजेट नीति तथा कार्यक्रम बमोजिम तपशिल अनुसारको ठेक्काका लागी प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम विधुतिय माध्यमद्वारा प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्रदाता सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ बमोजिम मिति २०८१/१२/२० गते स्वीकृतीका लागी निणर्य गरिएको हुदाँ सोही ऐनको दफा २७ को उपदफा २ को प्रयोजनको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | कबोल अंक (पि.एस. आइटम र भ्याट समेत) | कैफियत |
|---|---|---|---|---|---|
| १ | JRM/AGRI/SQ/2081/082-13 | इलेक्ट्रिक मोटर पम्प सेट सामाग्री खरिद | श्री मेडी इन्टरप्राइजेज भोक्राहानसिङ ५ सुनसरी | रु. १२,३६,७२८.५० (अक्षेरुपी: बाह्र लाख छत्तिस हजार सात सय अठाइस रुपैया पचास पैसा मात्र) (भ्याट तथा पि.एस.समेत) | |

**प्रमुख प्रशासकीय अधिकृत**



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । बीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १७९१०० | प्रति तोला – ० | प्रति तोला – २०२० |



**प्लाईउड बनाउँदै श्रमिक** | सर्लाही सदरमुकाम मलंगवा नगरपालिका-४ स्थित एक प्लाइउड उद्योगमा प्लाई बनाउने काम गर्दै श्रमिक । मलंगवामा चार वटा प्लाइउड उद्योग सञ्चालित छन् । *तस्बिर : विश्वनाथ ठाकुर/रासस*

## ‘सहकारी अभियान र सरकार सँगैसँगै अगाडि बढिरहेको छ’

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्रीको समेत जिम्मेवारी सम्हालेका उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले सहकारी अभियान र सरकार सँगैसँगै हातेमालो गरेर अगाडि बढिरहेको बताएका छन् । काठमाडौंमा आयोजित ६८औँ राष्ट्रिय सहकारी दिवस तथा अन्तरराष्ट्रिय सहकारी वर्ष-२०२५ को मूल समारोहलाई सम्बोधन गर्दै उपप्रधानमन्त्री सिंहले सहकारी मर्यादित हुन सके मात्रै त्यसले समुन्नत समाज निर्माणको आधार तयार गर्न सक्ने बताए ।

‘सहकारीका सदस्यहरू साझा बन्धनमा बलियो गरी बाँधिएका हुन्छन् अर्थात् सहकारीमा साझा बन्धन अनिवार्य हुन्छ । नेपालको सहकारी अभियानमा ७३ लाखभन्दा बढी सदस्य आबद्ध छन्’, उनले भने, ‘सहकारीमा महिलाको ५६ प्रतिशत सहभागिता रहेको छ, यसले महिला सशक्तिकरण र नेतृत्व विकासमा आफ्नो योगदानलाई थप सार्थक तुल्याएको छ ।’

उपप्रधानमन्त्री सिंहले सहकारी आफैमा आर्थिक र सामाजिक जागरणको अभियान भएको बताए । हाम्रो संविधानले सहकारी क्षेत्रलाई गरिबी न्यूनीकरण, आत्मनिर्भर, दिगो एवं समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको एक महत्वपूर्ण आधार स्तम्भको रूपमा स्वीकार गरेको बताए ।

‘सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नीति र सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक परिचालन गर्ने नीति संविधानमा नै उल्लेख गरेका छौँ,’ उनले भने । नेपालमा रहेका ३१ हजारभन्दा बढी सहकारी संस्थामध्ये विगत केही समयदेखि केही सहकारी संस्थामा जनताको बचत रकम फिर्ताको समस्या देखिएको उल्लेख गर्दै उपप्रधानमन्त्री सिंहले सहकारीमा सदस्यहरू नै केन्द्रीय तत्व हुने तथा उनीहरू पीडित बन्नुपर्ने अवस्था आउन नहुनेमा जोड दिए । ‘केही सहकारीमा मात्र देखिएको समस्या हो भनेर हामी चुप बस्न सक्दैनौं । हाम्रा प्रयासलाई अझ धेरै प्रभावकारी बनाउन सरकार प्रतिबद्ध छ,’ उपप्रधानमन्त्री सिंहले भने, ‘हालसालै सहकारी ऐनमा समसामयिक संशोधन गरी राष्ट्रिय सहकारी नियमन प्राधिकरणको स्थापनाका साथै अन्य व्यवस्था गरी सरकार सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्न र सहकारी क्षेत्रमा सुशासन कायम गर्न कटिबद्ध छ ।’

## उद्योग वाणिज्य महासंघ र थाइल्यान्ड व्यापार बोर्डबीच सम्झौता

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघ र थाइल्यान्डको थाई चेम्बर अफ कमर्श एण्ड बोर्ड अफ ट्रेड तथा नेपाल उद्योग परिसंघ (सिएनआई) र थाई उद्योग महासङ्घ (एफटीआई) बीच लगानी प्रवर्द्धन तथा सहकार्यसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको औपचारिक थाइल्याण्ड भ्रमणका क्रममा बुधबार महासका अध्यक्ष चन्द्रप्रसाद ढकाल र थाई बोर्ड अफ ट्रेडका अध्यक्ष सानन अंगुबोल्कुलले समझादरीपत्रमा हस्ताक्षर गरेका हुन् । यस समझदारीले नेपाल र थाइल्यान्डबीच व्यापारिक सम्बन्धलाई सुदृढ गर्ने, आर्थिक सहकार्यलाई प्रवर्द्धन गर्ने तथा व्यापार र लगानी विस्तारका लागि संरचित रूपरेखा तयार गर्ने लक्ष्य राखेको महासंघले जनाएको छ ।

साथै दुई देशबीचको व्यापारिक सहकार्यलाई थप मजबुत बनाउने र आर्थिक सहकार्यलाई विस्तार गर्न महत्वपूर्ण योगदान गर्ने विश्वास गरिएको छ । ‘समझदारीअन्तर्गत दुवै पक्षले व्यापार प्रवर्द्धन, संयुक्त उद्यमको सुविधा, व्यापारिक जानकारी आदानप्रदान, र औद्योगिक सहकार्यलाई समर्थन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्’, महासंघद्वारा जारी विज्ञप्तिमा भनिएको छ, ‘व्यापार मेला, व्यावसायिक फोरम र विशेष आर्थिक कार्यक्रममा सहभागितालाई प्रोत्साहन गर्ने विषय समझदारीपत्रमा समावेश गरिएको छ ।’

यस्तै विवाद समाधान प्रणालीलाई प्रवर्द्धन गर्ने र प्राविधिक विशेषज्ञता तथा तालिम आदानप्रदानलाई सशक्त बनाउने विषय समझदारीपत्रमा उल्लेख छ । सो अवसरमा बोल्दै महासंघका अध्यक्ष ढकालले नेपाल र थाइल्याण्डबीच लगानी एवं व्यापार विस्तारको थप ढोका खुलेको प्रतिक्रिया दिए । यसैगरी बोर्ड अफ टेडका अध्यक्ष सानन अंगुबोल्कुल थाइ व्यवसायी नेपालसग लगानी र व्यापार विस्तार गर्न इच्छुक रहेको बताए ।

**परिसंघ र थाई महासंघबीच सम्झौता**

नेपाल उद्योग परिसंघ (सिएनआई) र थाई उद्योग महासंघ (एफटीआई) बीच लगानी प्रवर्द्धन तथा सहकार्यसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको औपचारिक थाइल्याण्ड भ्रमणका क्रममा दुई देशका निजी क्षेत्रबीच लगानी प्रवर्द्धन, आर्थिक तथा व्यावसायिक सम्बन्ध विस्तारका लागि समझदारी भएको सिएनआईले जनाएको छ ।

समझदारीपत्रमा परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवाल र एफटीआईका अध्यक्ष क्रियेंग्राई थेननुकुलले हस्ताक्षर गरे । ‘लगानी तथा व्यापार प्रवर्द्धनसँगै आर्थिक तथा व्यापारसम्बन्धी अध्ययन, अनुसन्धान, तालिम तथा क्षमता विकास, कानुनी, नीतिगत विषयमा जानकारी आदान-प्रदानलगायतमा सहकार्य गर्न दुई संस्थाबीच समझदारी भएको हो’, परिसंघद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ । विदेशी लगानीकर्ताका लागि नेपाल उपयुक्त गन्तव्य मुलुक भएकाले यो समझदारीले थाइल्याण्डको लगानी भित्र्याउन सहयोग गर्ने विश्वास परिसंघका अध्यक्ष अग्रवालले गरे । लगानी प्रवर्द्धन गर्न सहयोग गर्ने गरी सरकारले कानुनहरूमा सुधार गरेको र यसबाट लगानीकर्ताले फाइदा लिन सक्ने उनको भनाइ थियो ।

## आठ महिनामा १५ हजार मेट्रिक टन मल बिक्री

**झापा (प्रस)–** कृषि सामग्री कम्पनी विर्तामोडले चालु आर्थिक वर्ष २०८१/८२ को आठ महिनामा १५ हजार २९९ मेट्रिक टन रासायनिक मल किसानलाई बिक्री गरेको छ । झापामा कृषियोग्य जमिन धेरै भएको र एकै याममा विभिन्न प्रकारको बाली लगाउने गरिएको कारण जिल्लामा रासायनिक मलको खपत धेरै हुने गरेको कम्पनीका शाखा प्रमुख दीपककुमार राजवंशीले बताए । उनका अनुसार चालु आवका लागि कम्पनीले झापाका लागि १७ हजार ५०० मेट्रिक टन रासायनिक मल पठाएको थियो । अब शाखामा दुई हजार २०१ मेट्रिकटन मल मौज्दात रहेको छ ।

जिल्लाका किसानलाई फागुन मसान्तसम्ममा नौ हजार ८०० मेट्रिकटन युरिया, पाँच हजार १४ मेट्रिक टन डिएपी र ५८५ मेट्रिक टन पोटास मल बिक्री गरिसकेको कम्पनीले जनाएको छ । जिल्लामा चालू आवका लागि ११ हजार मेट्रिक टन युरिया, छ हजार मेट्रिक टन डिएपी र ५०० मेट्रिकटन पोटास मल आएको थियो । किसानहरूको माग बढिरहेको र शाखामा मौज्दात कम भएका कारण वैशाखदेखि रासायनिक मलको अभाव हुनसक्ने शाखा प्रमुख राजवंशीले बताए । ‘माग धान्ने गरी हामीसँग रासायनिक मल छैन’, प्रमुख राजवंशीले भने, ‘स्टक राखिएको मल पनि सकिन लाग्यो, वैशाखसम्म धान्न सक्छ ।’ थप रासायनिक मल वैशाखमा मात्र आउने बताइएको छ । चालु आर्थिक वर्षमा कार्यालयमा लक्ष्यभन्दा बढी बिक्री भइरहेको देखिएको उनले बताए । उनले अब चार हजार मेट्रिकटन मल आउने भए पनि पर्याप्त नहुने जानकारी दिए ।

## विदेशबाट फर्केर बगरमा तरभुजाखेती

■ रञ्जिता अधिकारी

**देउखुरी (दाङ)–** लमहीका युवराज पौडेल दुई वर्ष साउदीअरब बसेर २०७५ सालमा नेपाल आए । यहाँ आएपछि के काम गर्ने भन्ने उनलाई अन्योल थियो । साउदीमा पानीको मात्रा धेरै भएको र माटो कम भएको देशमा खेती गरेर आत्मनिर्भर भएको देखेकाले नेपालमा पनि केही गरौ भन्ने सोचाइ आएको उनले बताए ।

नेपालमा कृषिमा सम्भावना देखेकाले परीक्षणका लागि बगरमा तरभुजाखेती गरेको उनले बताए । लमही नगरपालिका-६ ढिकपुरमा रहेको राप्ती नदीको बगरको १५ बिघा जमिनमा तरभुजाखेतीले हराभरा भएको छ । नेपाल बाहिरका विभिन्न देशमा रोजगारी गरी फर्किएका युवाहरूको लागत साझेदारीमा देशकै नमूना चक्लाबन्दी बगरखेती सञ्चालन गरेको पौडेलले बताए ।

उनले नेपालको जमिन बाँझो राखेर अर्काको भूमिमा पसिना बगाउनुभन्दा आफ्नै भूमिमा काम गर्न युवाहरूलाई सल्लाह दिन्छन् । युवा पलाएन रोकेर आफ्नो माटो हराभरा गरायो भने काम पनि हुने र आम्दानी पनि हुने उनको भनाइ छ । पाँचजना स्थानीयलाई कृषि फार्ममा रोजगारी



दिएको र आफूले पनि खटेर काम गर्ने गरेको उनले बताए । लगानीकर्ता पनि कामदार पनि दुवै बनेर खेतीपातीलाई समय दिने गरेको उनले बताए ।

सोही ठाउँका सुरज पाण्डे पनि विदेशबाट फर्केर तरभुजाखेतीमा लाग्नुभएको छ । उनी चार वर्ष दुबई बसेर फर्केर स्वदेशमै केही गर्नुपर्छ भनेर साथीहरूले सुरु गरेको तरभुजाखेतीमा जोडिएका छन् । फल दिँदै गरेका बिरुवाले हरियो भएको राप्तीको बगर लमहीमा रहेको उद्यमी बहुउद्देश्य सहकारीको व्यवस्थापनमा निजी कृषि फार्म तथा विभिन्न देशमा रोजगारी गरी फर्किएका युवाहरूको लागत साझेदारीमा देशकै नमूना चक्लाबन्दी खेती सञ्चालन गरेको उनले बताए ।

लमहीमा रहेको उद्यमशील बहुउद्देश्यीय कृषि सहकारी संस्थाको व्यवस्थापनमा निजी कृषि फर्मबाट तरभुजाखेती सुरु भएको सहकारीका सचिव विश्वप्रकाश अधिकारीले जानकारी दिए । ‘सहकारीले जग्गा खोज्ने काम गरेको थियो, स्थानीय युवाले खेती गर्ने सोचाइले जग्गाको माग गर्नुभयो र जग्गा उपलब्ध गराएको हो,’ उनले भने ।

गर्मीको समयमा प्रशस्त फल्ने भएकाले दाङको हावापानीमा तरभुजा उत्पादन राम्रो हुने उनले बताए । प्रतिबिघा रु चार लाखदेखि पाँच लाख आम्दानी हुने आशा रहेको उनले सुनाए । मल्चिङ, खाल्डा खन्ने प्रविधि र लाइन बनाएर लगाउने तीन तरिकाले तरभुजा रोपण गरिएको छ । मल्चिङ प्रविधिबाट दाङमा खरभुजा खेती हुने गरेको छैन यो नै पहिलो अभ्यास गरेको उनले बताए ।

हरियो कला, ग्रेकल्दा, बाहिर हरियो, भित्र रातो, बाहिर हरियो, भित्र पहेँलो र बाहिर पहेँलो भित्र रातो गरि छ जातको तरभुजा रोपिएको छ । छोटो समयमा उत्पादन हुने र प्रतिफल धेरै हुने भएकाले तरभुजाखेती गरेको उनले बताए । उत्पादन भएको तरभुजा घोराही, तुलसीपुर, लमही, भालुवाङ, बुटवल लगायतका सहरमा बिक्री गर्ने तयारी रहेको उनले बताए । प्रदेश र स्थानीय सरकारले स्वदेशमै केही गर्न चाहने किसानलाई प्रोत्साहन गरेमा व्यवसायलाई निरन्तरता दिन सकिने उनको धारणा छ । *रासस*

## नागरिक लगानी कोष र पूर्वाञ्चल विश्वविद्यालयबीच सम्झौता



**काठमाडौं (प्रस)–** नागरिक लगानी कोष र पूर्वाञ्चल विश्वविद्यालय गोठगाउँ मोरङबीच योगदानमा आधारित उपदान तथा पेन्सन कोष सञ्चालन गर्ने सम्बन्धी सम्झौता भएको छ । सम्झौतामा पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति प्रा.डा.बिजुकुमार थपलिया र कोषको तर्फबाट पर्वतकुमार कार्कीले हस्ताक्षर गरेका हुन् ।

उक्त अवसरमा उपकुलपति थपलियाले शिक्षक तथा कर्मचारीको उपदान सञ्चालन एवं व्यवस्थापन कोषलाई दिन पाएकोमा खुसी व्यक्त गरे भने कोषका कार्यकारी निर्देशक कार्कीले उपदानको उचित व्यवस्थापन एवं सञ्चालन गर्ने र सहभागीलाई उचित प्रतिफल दिने प्रतिबद्धता व्यक्त गरेका थिए ।

यसैबीच सानिगाड हाइड्रो लिमिटेडको प्रति कित्ता एक सय रूपैयाँ अंकित ८५ लाख ५० हजार कित्ताको ८५ करोड ५० लाख रूपैयाँको सेयर प्रत्याभूति गर्ने सम्झौता भएको छ । उक्त सम्झौतामा कोषको कार्यकारी निर्देशक कार्की र सानिगाडको प्रबन्ध निर्देशक राजेशकुमार श्रेष्ठले हस्ताक्षर गरेका थिए । योसँगै कोषले कालंगा हाइड्रो लिमिटेडको प्रति कित्ता एक सय रूपैयाँ अंकित ४९ लाख कित्ताको उनानचास करोड रूपैयाँको सेयर प्रत्याभूति गर्ने सम्बन्धी सम्झौता गरेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ